# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २४२ काठमाडौं | सोमबार, १८ पुस २०७९ | Prabhab National Daily | Monday, January 2, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

मौसमी कामदार व्यवस्थापन निर्देशिका

## स्थानीय तहमार्फत कामदार छनोट

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले छोटो अवधिका लागि वैदेशिक रोजगारीमा जानेहरूलाई व्यवस्थापन गर्ने उद्देश्यले ‘मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९’ जारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रिपरिषद्को स्वीकृतिपश्चात् विदेश जाने मौसमी कामदारका लागि वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२ (क) को उपनियम (१) को अधिकार प्रयोग गरी उक्त निर्देशिका जारी गरेको हो ।

थुप्रै नेपालीहरू मौसमी कामदारका रूपमा विदेश पुगेपछि आकर्षक कमाइको प्रलोभनमा परेर भाग्ने, ठगिने, गम्भीर बिरामी हुने, अलपत्र पर्ने र विविध परिबन्धमा जेल पर्नेलगायतका समस्या बढ्न थालेपछि मौसमी रोजगारलाई व्यवस्थित र सुरक्षित बनाउन निर्देशिका ल्याइएको मन्त्रालयले जनाएको छ । निर्देशिकामा वैदेशिक रोजगार ऐन २०६४ को दफा ३ र ६ अनुकूल हुनेगरी नेपाली नागरिकले मौसमी रोजगारीको लागि वैदेशिक रोजगार प्राप्त गर्न सक्ने देखिएमा श्रम मन्त्रालयले सम्बन्धित मुलुकसँग छलफल गरी द्विपक्षीय श्रम सम्बन्ध स्थापना गर्नसक्ने उल्लेख गरिएको छ ।

> विभिन्न गन्तव्य मुलुकमा मौसमी कामदार पठाउन स्थानीय तहलाई अधिकार दिनेगरी निर्देशिका तयार भएको मन्त्रालयद्वारा जानकारी

निर्देशिकाबमोजिम नेपाली नागरिकलाई मौसमी रोजगारको अवसर दिन गन्तव्य मुलुकका रोजगारदाता संस्थाले कामदार मागपत्र प्रमाणीकरणको लागि आफ्नो पूर्ण विवरण, रोजगारीको किसिम र संख्या, न्यूनतम सेवा र सुविधा, आवास, खाना, स्वास्थ्य बिमा र कामदारको सुरक्षा, भिसा शुल्क तथा कामदार पठाउँदा लाग्ने अन्य शुल्क रोजगारदाताले व्यहोर्ने सुनिश्चितता, कामदारको लागि सुरक्षित कार्यस्थलको सुरक्षण भएको प्रत्याभूतिपत्र र कामदार छनोटमा कुनै शुल्क नपर्ने तथा मौसमी रोजगारको अवधि समाप्त भएपछि रोजगारदाताको खर्चमा स्वदेश फर्काउने कुराको प्रत्याभूतिसहितको पत्र अनलाइन माध्यमबाट सम्बन्धित नेपाली कूटनीतिक नियोगमा पेस गर्नुपर्नेछ।

विभिन्न गन्तव्य मुलुकमा मौसमी कामदार पठाउन स्थानीय तहलाई अधिकार दिनेगरी निर्देशिका तयार भएको मन्त्रालयले जनाएको छ । निर्देशिका अनुसार रोजगारदाता संस्था वा निकायले मागपत्र पठाउँदा नेपालको कुनै खास स्थानीय तहमार्फत उम्मेदवार छनोट गर्नेगरी मागपत्र पठाउनुपर्ने व्यवस्था गरिएको छ । सम्बन्धित स्थानीय तहले मौसमी रोजगारीका लागि वैदेशिक रोजगारमा जाने योग्यता पुगेका नेपालीहरूबाट आवेदन माग गरी छनोट भएका कामदारको सूची र यसको १० प्रतिशत वैकल्पिक सूची वैदेशिक रोजगार विभागमा पठाउनुपर्नेछ । जसमा जातीय, लैंगिक र उमेरगत विविधता कायम हुने उम्मेदवार छनोट गर्नुपर्ने मापदण्ड तोकिएको छ । यदि मुख्य सूचीमा रहेका व्यक्ति कुनै कारणले मौसमी रोजगारीका लागि जान नचाहेमा वा नसकेका वैकल्पिक योग्यता सूचीमा रहेका व्यक्तिलाई छनोट गरी पठाउनुपर्ने व्यवस्था गरिएको छ ।

यसरी छनोटमा परेका कामदारहरूको सूची विभागले श्रम मन्त्रालयमार्फत गन्तव्य मुलुकको नेपालमा अवस्थित वा नेपाल हेर्ने कूटनीतिक नियोगमा पठाई नेपालको प्रचलित कानुनबमोजिम रोजगारदाताले सम्झौता गर्नुपर्नेछ । त्यसपश्चात् विभागको समन्वयमा पुनः स्थानीय तहमा छनोट भएका कामदारको हस्ताक्षर गराई रोजगारीका लागि आवश्यक प्रक्रिया सुरु हुनेछ । मौसमी रोजगारीमा गएर सम्झौता समाप्त भएपछि त्यस्ता कामदारले पुनः रोजगारी प्राप्त गर्ने भएमा सम्बन्धित नेपाली कूटनीतिक नियोगमार्फत विभागमा जानकारी गराउनुपर्ने निर्देशिकामा उल्लेख गरिएको छ ।

यस्तै निर्देशिका अनुसार विभागले रोजगार सम्झौता भएका कामदारको हकमा भिसाका लागि सिफारिस गर्नेछ । साथै, मौसमी रोजगारीका लागि भिसा प्राप्त गरेका कामदारले सम्बन्धित मुलुक जानुअघि कम्तीमा दुई दिनको अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्नेछ। यसैगरी कामदारले ऐनबमोजिम बिमांकमा नघट्नेगरी बिमा गर्नुपर्नेछ भने वैदेशिक रोजगार कल्याणकारी कोषमा लाग्ने रकम पनि दाखिला गर्नुपर्नेछ । प्रचलित कानुनबमोजिम एकपटक श्रम स्वीकृति लिएर गएको व्यक्तिले सोही रोजगारदाताकोमा पुनः रोजगारी पाउने भएमा त्यस्तो व्यक्तिलाई विभागले पूनः श्रम स्वीकृति प्रदान गर्न सक्ने निर्देशिकामा उल्लेख छ ।

वैदेशिक रोजगारीका गन्तव्य मुलुकमा प्राप्त हुनसक्ने मौसमी प्रकृतिका कामका लागि पठाइने गरी छोटो अवधिको वैदेशिक रोजगारलाई सुरक्षित, कम खर्चिलो, मर्यादित, व्यवस्थित र विप्रेषणका हिसावले आयमूलक बनाउनुपर्ने आवश्यकता देखिएकाले निर्देशिका जारी गरिएको श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले बताए । उनका अनुसार अब मौसमी कामदारको रूपमा विदेश जाने नेपालीले कुनै पनि निकायमा कुनै किसिमको शु:ल्क बुझाउनुपर्ने छैन । कोरियालगायत युरोपका केही मुलुकबाट मौसमी कामदारको माग उच्च देखिएको भन्दै आफूखुसी असुरक्षित तवरले विदेश जाने र ठगिने क्रमसमेत बढेका कारण यसलाई व्यवस्थित गर्न सरकारले श्रम स्वीकृति दिएर विनाशुल्क कामदार पठाउन सघाउ पुग्नेगरी निर्देशिका ल्याएको सचिव अर्यालले बताए ।

# तेस्रो अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा




■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा नवनिर्मित अन्तर्राष्ट्रिय विमानस्थल औपचारिकरूपमा सञ्चालनमा आएको छ । आइतबार आयोजित भव्य समारोहबीच प्रधानमन्त्री पुष्पकमल दाहालले विमानस्थलको उद्घाटन गरेका हुन् ।

राष्ट्रिय गौरवको आयोजनाको रूपमा अघि बढाइएको यो विमानस्थल नेपालमा तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा सञ्चालनमा आएको हो । यसअघि काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै पर्यटकीय नगरी पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्ने पाँच दशकदेखिको सपना पूरा भएको छ । यद्यपि, अन्तर्राष्ट्रिय उडान भने सञ्चालनमा आइसकेको छैन । तत्कालका लागि आन्तरिक उडान मात्र सञ्चालन हुने विमानस्थलले जानकारी दिएको छ ।

- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रधानमन्त्री दाहालबाट उद्घाटन
- करिब २२ अर्ब रुपैयाँ लागतमा निर्माण
- मुलुकको अर्थतन्त्रमा विशिष्ट योगदान पुर्‍याउने अपेक्षा
- पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न माग

पोखरा विमानस्थल तीन हजार ९०० रोपनी क्षेत्रफलमा फैलिएको छ । विमानस्थलमा दुई हजार ५०० मिटर लम्बाइ र ४५ मिटर चौडाइको धावनमार्ग छ। उक्त विमानस्थल करिब २२ अर्ब रूपैयाँ लागतमा निर्माण गरिएको हो । जसमा २५ प्रतिशत चीन सरकारको अनुदान र बाँकी ७५ प्रतिशत चिनियाँ एक्जिम बैंकको ऋण लगानी रहेको छ ।

चार वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले (**बाँकी पृष्ठ २ मा**)

# मझधारमा नेकपा एस



> गुण र दोषका आधारमा समर्थन गरेर सरकारमा जाने, प्रतिपक्षमा बसेर जनजीविकाको सवाल उठाउने र समर्थन गर्ने तर सरकारमा नजाने गरी तीन खालका मत बैठकमा प्रकट

■ जेबी योञ्जन

**काठमाडौं–** नेकपा एमाले नेतृत्वमा सत्ता गठबन्धन बनाउने क्रममा सुइँकोसम्म नदिएपछि प्रधानमन्त्री पुष्पकमल दाहालसँग रुष्ट बनेका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सरकारलाई समर्थन गर्ने भने पनि सरकारमा सहभागी हुनेबारे पार्टीमा निर्णय गराउन सकेका छैनन् ।

दुई दिनसम्म बसेको स्थायी कमिटी बैठक सरकारमा सहभागी हुने/नहुने भन्नेमा अनिर्णित भयो । बैठकमा भने स्थायी कमिटी सदस्यहरूले तीन खालका मत प्रकट गरे । पहिलो- गुण र दोषका आधारमा समर्थन गरेर सरकारमा जाने । दोस्रो- प्रतिपक्षमा बसेर जनजीविकाको सवाल उठाउने । तेस्रो- समर्थन गर्ने (**बाँकी पृष्ठ २ मा**)





Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np

'[ICRANP-IR] A' Rated

EUROMONEY AWARDS FOR EXCELLENCE 2022 NEPAL BEST BANK

# डब्ल्युएचओको अनुमतिपछि मात्रै 'साइनोभ्याक' खोप

**काठमाडौँ–** नेपाल सरकारले कोरोना भाइरसविरुद्धको मौज्दात रहेको 'साइनोभ्याक' खोप प्रयोग गर्नका लागि विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)को निर्णय पर्खने भएको छ । अतिरिक्त मात्रा (बुस्टर डोज)का लागि प्रयोग गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा डब्ल्युएचओले 'साइनोभ्याक' खोपको अनुमति दिएपछि मात्र प्रयोग गर्न भएकाले निर्णय कुरेर बसेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेककुमार लालले मौज्दात रहेको 'साइनोभ्याक' खोपका सम्बन्धमा डब्ल्युएचओले निर्णय गरेपछि मात्र प्रयोग गर्न मिल्ने बताए । 'साइनोभ्याक खोप बुस्टर डोजका लागि त्यति प्रभावकारी रहेको छैन,' उनले भने, 'त्यही भएर हामीले बुस्टर डोजका लागि प्रयोग गरेका छैनौं । बुस्टर डोजका लागि प्रयोग गर्नका लागि डब्ल्युएचओले अनुमति दिनुपर्दछ । अनुमति दिएपछि मात्र हामीले प्रयोग गर्छौं ।'

उनका अनुसार डब्ल्युएचओले अनुमति दिएपछि नेपालको खोप सल्लाहकार समितिले पनि अनुमति दिनुपर्ने हुन्छ, अनि मात्रा प्रयोग गर्न मिल्छ । 'डब्ल्युएचओले नियमित रूपमा खोपको प्रभावकारीताबारे अध्ययन गरिरहेको हुन्छ,' उनले भने, 'डब्ल्युएचओले गरेको अध्ययनमा बुस्टर डोजका लागि प्रयोग गर्न मिल्छ भनेपछि मात्र हामीले प्रयोग गर्दछौं ।' चीन सरकारले सन् २०२२ मार्च २६ र २८ तारिखमा करिब ४० लाख मात्रा 'साइनोभ्याक' खोप उपलब्ध गराएको थियो ।

महाशाखा निर्देशक डा. लाल कुनै मुलुकलाई प्रयोग गर्न दिन सकिने बताउँछन् । सरकारले माथिल्लो तहले नेपालजस्तै महामारी फैलिएको मुलुकमा प्रयोग गर्न सकिने भएकाले अन्य मुलुकलाई पहिलो र दोस्रो मात्राको प्रयोगका लागि दिन सकिने उनले बताए ।

उनले नेपालमा पनि कुनै ठाउँबाट पहिलो र दोस्रो मात्रा प्रयोग गर्नका लागि माग गरिएमा पठाउन सकिने बताए । आगामी २०२३ को अक्टोबर महिनासम्म उक्त खोपको म्याद रहेकाले आत्तिनुपर्ने अवस्था नरहेको उनले बताए । अहिले ती खोपलाई केन्द्रीय भण्डारण टेकुमा राखिएको छ । सरकारले बुस्टर डोजका लागि प्रयोग गर्न नमिल्ने भएपछि अमेरिकाबाट कोभ्याक्समार्फत १५ लाख फाइजर खोप ल्याउन थालेको हो । *रासस*

## तेस्रो अन्तर्राष्ट्रिय...

पृष्ठ १ बाट जारी

२०७३ साल वैशाख १ गते शिलान्यास गरेका थिए । चिनियाँ निर्माण कम्पनी सिएमसिईले विमानस्थलको निर्माण कार्य सम्पन्न गरेको हो ।

विमानस्थल उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले पोखरा विमानस्थलले गण्डकी प्रदेशको मात्र नभई समग्र देशकै अर्थतन्त्रमा विशिष्ट योगदान पुऱ्याउने बताए । विमानस्थलले पोखरालाई अन्तर्राष्ट्रिय सहरसँग जोड्ने उनले बताए ।

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले पोखरा विमानस्थल सञ्चालनमा सरकारले सघाउने बताए । नवनिर्मित विमानस्थललाई चितवन, भैरहवालगायत विमानस्थलसँग जोड्नुपर्ने उनले जोड दिए । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखरा विमानस्थल गण्डकी प्रदेशको समृद्धि र विकासका लागि महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे । उनले पोखरालाई पर्यटनको राजधानी घोषणा गर्नका लागि संघ सरकारको ध्यानाकर्षणसमेत गराए ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पोखराका लागि गौरवको विषय भएको बताए । पोखरालाई पर्यटनको राजधानीका रूपमा विकास गर्नुपर्नेमा उनले पनि जोड दिए । विमानस्थल सञ्चालनका लागि सबैको साथ र सहयोग आवश्यक भएकामा जोड दिँदै उनले विमानस्थल सञ्चालनमा समस्याका रूपमा रहेका रिठेपानी डाँडा कटान र ल्यान्डफिल साइडको व्यवस्थापन गरिएको जानकारी दिए ।

विमानस्थल निर्माणसँगै पोखरा अन्तर्राष्ट्रिय सहरका रूपमा स्थापित भएको छ । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ यो आगामी दिनमा व्यस्त विमानस्थलका रूपमा चल्नुपर्ने बताए । अंग्रेजी नयाँ वर्षको पहिलो दिनबाटै विमानस्थल सञ्चालन आउनुले पोखराको पर्यटनमा विशेष अर्थ राख्ने पर्यटन व्यवसायीहरूले बताए । विमानस्थल सञ्चालनसँगै यससँग जोडिएका पूर्वाधारको विकासमा राज्यको ध्यान पुग्नु जरुरी रहेको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले बताए ।

काठमाडौं आएका विदेशी पर्यटकमध्ये ४० देखि ४५ प्रतिशत पर्यटक पोखरा आउने गरेको तथ्यांक छ । विमानस्थल सञ्चालनमा आएसँगै पोखरामा पर्यटक आगमन बढ्ने अपेक्षा गरिएको छ । पोखरामा आउने पर्यटक अब सीधै उक्त विमानस्थलमा ओर्लने छन् ।

विमानस्थलको उद्घाटन समारोहमा हजारौं पोखरेली सहभागी भएका थिए । पोखरा महानगरपालिकाको आयोजनामा पोखराको अमर सिंह चौरबाट विमानस्थलसम्म बाजागाजासहित विभिन्न जातजातिको भेषभूषामा सर्वसाधारणहरू सहभागी भएका थिए । विमानस्थल उद्घाटनको अवसर पारेर पोखरा महानगरपालिकाले आइतबार सार्वजनिक बिदासमेत दिएको थियो ।

**"निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण छिट्टै"**

प्रधानमन्त्री दाहालले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण छिट्टै सुरु गर्ने बताएका छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन गर्दै आइतबार उनले नेपालजस्तो भूपरिवेष्ठित मुलुकको कनेक्टिभिटीका लागि हवाईमार्ग सबैभन्दा प्रभावकारी माध्यम भएको उल्लेख गर्दै निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आवश्यक रहेको बताए ।

'मुलुकको तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा आजदेखि पोखरामा विमानस्थल सञ्चालनमा आएको छ,' उनले भने, 'यो विमानस्थल सञ्चालनमा आएसँगै पोखरासँग अन्तर्राष्ट्रिय क्षेत्रसँगको सम्बन्ध स्थापित भएको छ ।' प्रधानमन्त्री दाहालले पोखरा विमानस्थल निर्माणका लागि चिनियाँ राजदूतावासमार्फत तथा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग प्रत्यक्ष भेटेर पनि छिटो निर्माणका लागि आफूले पहल गरेको बताए । प्रधानमन्त्री दाहालले रेलसेवालगायतका ठूला परियोजना निर्माणमा लगानी गर्न चीनसँग आग्रह गरे ।

**ऋणलाई अनुदानमा बदल्न आग्रह**

गण्डकी प्रदेशका मुख्यमन्त्री पोखरेलले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि प्रवाह भएको ७५ प्रतिशत कर्जालाई अनुदानमा परिणत गर्न चीन सराकारसमक्ष आग्रह गरेका छन् । विमानस्थल उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री पोखरेलले चीनको एक्जिम बैंकबाट विमानस्थल निर्माणका लागि लिइएको करिब २२ अर्ब रूपैयाँमध्ये ७५ प्रतिशत ऋणलाई पनि अनुदानमा परिणत गर्न आग्रह गरेका हुन् ।

विमानस्थल निर्माणका लागि कूल लगानीमध्ये २५ प्रतिशत अनुदान र बाँकी ७५ प्रतिशत ऋण लिइएको थियो । मुख्यमन्त्री पोखरेलले ४७ वर्षदेखिको पोखरावासीको सपना बल्ल साकार भएको बताए । विमानस्थलबाट पहिलो चरणमा दक्षिण एसिया र दोस्रो चरणमा पश्चिमी देशमा हवाई उडान हुनुपर्ने उनको भनाइ थियो । 'पोखरामा अब कम्तीमा दुई साता बस्ने र दुई हजारभन्दा बढी डलर खर्च गर्ने पर्यटक ल्याउन सक्नुपर्छ,' मुख्यमन्त्री पोखरेलले भने ।

## मझधारमा...

पृष्ठ १ बाट जारी

तर सरकारमा नजाने ।

सरकारमा सहभागिताबारे अनेक धारणा आएपछि यसबारे निर्णय पोलिटब्युरो बैठकले लिने भएको छ । पार्टी प्रवक्ता तथा उपमहासचिव जगन्नाथ खतिवडाका अनुसार पोलिटब्युरो बैठक सोमबारदेखि बस्नेछ । 'हाम्रो पोलिटब्युरो बैठक भोलि (सोमबार) बस्दै छ । त्यहाँ पनि सरकारमा जाने/नजानेबारे छलफल हुन्छ । त्यसपछि निर्णय गरेर केन्द्रीय कमिटीमा लाने र अनुमोदन गरेर अगाडि बढ्छौं,' खतिवडाले आइतबार भने ।

सत्ता गठबन्धनमा मुख्य दल एकीकृत समाजवादीले 'प्रतिगमनकारी शक्ति' भनेको नेकपा एमाले पनि छ । तर, प्रधानमन्त्री भने गठबन्धनको दोस्रो दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल छन् । दाहालप्रति नेपाल सकारात्मक छन् । त्यही भएर प्रधानमन्त्रीका रूपमा दाहाल नियुक्त भएको तेस्रो दिन १३ पुसमा देशभरका नेताहरूसँग जुममार्फत कुरा गर्दै दाहालको सरकारलाई समर्थन गर्ने नेपालले बताएका थिए ।

लगत्तै बसेको स्थायी कमिटी बैठकमा सरकारबारे छलफल भएको हो । तर, अनेक खालका मत प्रकट भएपछि औपचारिक निर्णय स्थायी कमिटी बैठकले गर्न नसकेको हो । बैठकपछि पार्टीका सम्मानित नेता झलनाथ खनालले सत्तारूढ गठबन्धन 'खिचडीजस्तो' भएको टिप्पणी गरे । उनले दाहाल नेतृत्वको सरकारमा पार्टीलाई सहभागी गर्न नहुने मत अघि सार्दै आएका छन् ।

'नयाँ गठबन्धन यसो हेर्दा खिचडीजस्तो छ । त्यहाँभित्र हेर्दा वामपन्थीहरूको नेतृत्व छ । तर, टेकेको खुट्टा अर्कै खालका मान्छेहरूका छन्,' उनले एमालेप्रति पनि व्यंग्य गर्दै भने, 'प्रतिगमनकारी, पुनर्उत्थानवादी के-के हुन्, त्यस्ता खालका खुट्टा टेक्या छन् ।'

बैठकमा उनी समर्थित स्थायी कमिटीका अन्य सदस्यहरूले पनि तत्काल दाहाल सरकारमा जान नहुने मत राखे । उनीहरूले सरकारले ल्याउने न्यूनतम साझा कार्यक्रम हेरेर समर्थन गरेर सरकारमा जाने/नजानेबारे निर्णय लिनुपर्ने मत राखेका थिए । न्यूनतम साझा कार्यक्रम तयार गर्ने संयन्त्रको संयोजक भने उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल हुन् । उनको नेतृत्वमा एमाले सरकारमा गएको हो । न्यूनतम साझा कार्यक्रमबारे समझदारी भने केपी शर्मा ओली नेतृत्वको उच्चस्तरीय राजनीतिक संयन्त्रले गर्छ ।

नेकपा एसका एक जना स्थायी कमिटी सदस्यका अनुसार खासमा गठबन्धन सरकारको न्यूनतम साझा कार्यक्रमभन्दा पनि एमाले गठबन्धनमा रहेकाले निर्णय लिन गाह्रो परेको हो । अर्कातिर, एमालेका अध्यक्ष ओली र अध्यक्ष नेपालबीच 'वान टु वान' भेटवार्ता भएको छैन । सहज सम्बन्ध बनेको छैन । एमाले उपाध्यक्ष पौडेल र नेता महेश बस्नेत ओली-नेपालको भेटवार्ता गर्न सूत्रधार हुन खोजे पनि भेटवार्ता गराउन सफल भएका छैनन्, जसले गर्दा एमाले रहेको सत्ता गठबन्धनमा सहभागी हुने निर्णय गर्न नेकपा एसलाई असहज भएको हो । २ भदौ २०७८ मा एमालेबाटै फुटेर यो दल बनेको हो ।

चुनावमा एमालेलाई पहिलो दल बन्नबाट रोक्ने पार्टी नै नेकपा एस हो । अर्कातिर, ओली र एमालेलाई प्रतिगामीको संज्ञा दिँदै सडकदेखि संसद्सम्मै यो दलले संघर्ष गरेको थियो । यी कारणहरूले गर्दा पनि एमाले भएको गठबन्धनमा रहेर सत्ता साझेदारी गर्न अप्ठ्यारो परेको हो । जबकि, पार्टी अध्यक्ष नेपालले दाहाल नेतृत्वको सरकारलाई समर्थन गर्ने भनिसकेका छन् । तर, स्थायी कमिटी बैठकले समर्थन मात्रै गर्ने कि सरकारमा पनि सहभागी हुनेबारे निर्णय दिन सकेन । यसअघि कांग्रेस नेतृत्वको सत्ता गठबन्धनमा पनि यो दलको सहभागिता थियो ।

नयाँ सत्ता गठबन्धनमा सहभागी नभए नेकपा एस कांग्रेस जसरी केन्द्र मात्र नभई प्रदेश सरकारहरूबाट पनि पाखा लाग्नुपर्ने हुन्छ । राजकीय पदहरू राष्ट्रपति, उपराष्ट्रपति, प्रतिनिधिसभाका सभामुख, उपसभामुख, राष्ट्रियसभा अध्यक्ष, उपाध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभामुख, उपसभामुखबाट विमुख हुनुपर्ने हुन्छ । संवैधानिक निकायका पदाधिकारीको पनि पदावधि सकिँदै छ । नेकपा एसका नेपालनिकट स्थायी कमिटी सदस्यहरू सरकारमा मन्त्रीसँगै यी राजकीय पदहरू प्राप्ति गर्न पनि दाहाल सरकारलाई समर्थन गरेर सहभागी हुनुपर्ने पक्षमा छन् ।

यसअघि कांग्रेस नेतृत्वको सत्ता गठबन्धनमा यो दल सहभागी थियो । केन्द्र सरकारदेखि प्रदेश सरकारहरूमा सहभागिता थियो । प्रदेश १ र बागमती दुईवटा प्रदेशमा त सरकारको नेतृत्व नै गऱ्यो । राष्ट्रियसभा चुनावमा गठबन्धनबाट लड्दा उम्मेदवारहरू विजयी गराउन सफल भए । अन्य विभिन्न राजकीय पद पनि पाएको छ । तर, नयाँ सत्ता गठबन्धनमा सहभागी नभए सबै राजकीय पद गुम्ने चिन्ता दलमा प्रकट भइरहेको हो । यति हुँदाहुँदै पनि स्थायी कमिटी बैठक अनिर्णित बनेको हो ।


# छथर जोरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

धनकुटा

प्रदेश नं.१, नेपाल

## छथर जोरपाटी गाउँपालिकाबासीहरूमा सादर अनुरोध

**यस गाउँपालिका सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक तथा राजनीतिक पक्षको विकासमा निरन्तर रुपमा योजनाबाट तबरले कार्यसञ्चालन गर्दै आएको छ ।**

**आर्थिक, भौतिक र सामाजिक पक्षको विकासका साथै मानवीय पक्षको विकासलाई एकैसाथ लैजान अपरिहार्य हुन्छ । आजको बालबालिकाले नै भविष्यमा समाजको नेतृत्व गर्दै समृद्ध समाज निर्माणमा सहयोग गर्छन् । बालबालिकाहरुका लागि आवश्यक पर्ने सेवाहरुको गुणस्तरमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न बालबालिकाहरुलाई वर्तमानमा नै साझेदार बनाई सभ्य र दक्ष जनशक्तिसहितको समृद्धि बनाउन बालबालिकाहरूमा लगानी गर्दै बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न २०७६ पुसबाट बालमैत्री स्थानीय शासन घोषणान्मुख अभियान यस गाउँपालिकामा सञ्चालन भई रहेको हामीलाई सर्वविदितै छ ।**

- जन्मदेखि ६ महिनासम्मका बालबालिकाहरूलाई अन्य कुरा नखुवाई आमाको दुधमात्र खुवाऔं ।
- सबै बालबालिकाहरूलाई पोषणयुक्त खानेकुरा खुवाऔं ।
- ५ वर्ष मुनिका बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी खुवाऔं ।
- गर्भवती आमाहरूलाई गर्भावस्थामा नियमित ४ पटक गर्भजाँच र प्रसुति पनि स्वास्थ्य संस्थामा नै दक्ष स्वास्थ्यकमीबाट गराऔं ।
- सुत्केरी पश्चात आमा र नवजात शिशुको तीन पटक स्वास्थ्य जाँच अनिवार्य गराऔं (२४ घण्टामा, ३ दिनमा र ७ दिनमा) ।
- गर्भावस्थामा र सुत्केरी भएको पैतालिस दिनसम्म २२५ वटा आइरन चक्की नबिर्सि खुवाऔं ।
- चर्पीको प्रयोग गरौं, खाना पकाउन र खान अगाडि दिसा गरेपछि, बालबालिकाको दिसा धोएपछि, साथै फोहोर बस्तु छोएपछि साबुन पानीले मिचीमिची हात धुने बानी बसालौं ।
- पाँच वर्ष पुगेको सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय भर्ना गराऔं ।
- आफ्ना छोरीछोरालाई कम्तिमा पनि कक्षा आठसम्मको शिक्षा दिऔं ।
- आफू र आफ्ना बालबालिकाहरूको सरसफाईमा विशेष ध्यान दिऔं ।
- घरपरिवारमा र समुदायमा हुने निर्णय प्रक्रियामा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराउँदै आफ्ना छोरीछोराहरूलाई जिम्मेवार बन्ने अवसरको सृजना स्वयम् अभिभावकहरू आफैँबाट सुरुवात गरौं ।
- स्थानीय तहका सबै क्षेत्र र निकायहरुमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराई बाल अधिकारको सुनिश्चितता गरौं ।
- बालमैत्री संरचना र पूर्वाधारको निर्माण गरौं ।
- छोरीछोरालाई पूर्णरुपमा बालमैत्री वातावरणमा हुर्कने अवसर प्रदान गरौं र बालमैत्री स्थानीय शासनयुक्त यस गाउँपालिका बनाउँदै सम्भयताको परिचय दिऔं ।



# बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलौरी, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सुचना

(प्रकाशित मिति: २०७९।०९।१८)

यस कार्यालयबाटप्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.न | ठेक्का न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | *Construction of Black Top Road road and Retaining Wall in Ward No.10 and Ward No.5 Belauri Contract Identification:BELMUN/NCB/W/079/080-03* | *Amrit Construction Bedkot-07 Kanchanpur,* | रु.३,८०,३६,७३७ | |



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED ABDUL RAHMAN AL SUNAIDI AND HIS PARTNER COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०९/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ LT. No. 277976 चलानी नं. ६०१८८१४३

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 4 | 0 | 1500 | ५२,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : नि: शुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1149/073/074

# दैलेख ओभरसिज प्रा.लि.

बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२

ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com



**शपथग्रहण** | लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनबाट राप्ती उपत्यका देउखुरी प्रदेशसभा भवनमा आइतबार शपथग्रहण गर्दै लुम्बिनी प्रदेशसभाका सदस्यहरू । *तस्बिर: रञ्जिता अधिकारी/रासस*

## गणेशमानको सालिक अनावरण

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका-६ बौद्धस्थित महाँकालमा वि.सं. २०४६ को जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहको सालिक अनावरण गरिएको छ । गणेशमान सिंह वाटिका तथा सालिक निर्माण समितिले आयोजना गरेको कार्यक्रममा काठमाडौं निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित सांसद सन्तोष चालिसेले सालिक अनावरण गरेका हुन् ।

उनले नेपाली राजनीतिमा त्यागको पर्यायका रूपमा स्थापित गणेशमानबाट वर्तमान राजनीतिज्ञले पाठ सिक्नुपर्नेमा जोड दिए । वडा नं ६ का वडाध्यक्ष भुवन लामा, वाटिका तथा सालिक निर्माण समितिका अध्यक्ष दिवाकर न्यौपानेलगायतले राजधानीका विभिन्न स्थानमा रहेका खाली जग्गामा ऐतिहासिक भूमिका निर्वाह गरेका व्यक्तित्वको सालिकसँगै बगैँचा निर्माणले विपद्का बेलामा स्थान अभावले समस्या नहुनेमा जोड दिए ।

# भक्तपुरमा भरिभराउ पर्यटक

■ **रमेश गिरी**

**भक्तपुर–** अंग्रेजी नयाँ वर्ष २०२३ को पहिलो दिन । भक्तपुरका प्रमुख गन्तव्य मानिएका पर्यटकीयस्थल नगरकोटदेखि रानीकोटसम्मका होटल स्वदेशी पर्यटकले भरिभराउ हुँदा यहाँका पर्यटन एवं होटल व्यवसायी उत्साहित भएका छन् । कोरोना भाइरस संक्रमणका कारण झण्डै तीन वर्ष नोक्सान व्यहोर्नुपरेका कारण यहाँका पर्यटन व्यवसायी आन्तरिक पर्यटककै चाप थेगिनसक्नु भएपछि व्यवसायी उत्साहित भएका हुन् ।

अंग्रेजी नयाँ वर्ष २०२३ को आगमनले भक्तपुरका पर्यटकीयस्थलदेखि होटलसम्म आन्तरिक पर्यटकले भरिएका छन् । भक्तपुरको प्रमुख पर्यटकीय गन्तव्य नगरकोटमा नयाँ वर्षको पहिलो सूर्योदयलाई स्वागत गर्न स्वदेशी तथा विदेशी पर्यटकले यहाँका होटल भरिएका छन् । बेलुका बास बसेर आइतबार बिहान सूर्योदयसँगै हिमाली दृश्य अवलोकन गर्न पर्यटकको नगरकोटमा बाक्लो उपस्थिति थियो । हरेक वर्ष विदेशी पर्यटकले भरिने यहाँका पर्यटकीय क्षेत्र कोरोना महामारी र नगरकोट जाने सडकको जीर्ण अवस्थाका कारण पर्यटन व्यवसाय ओरालो लागे पनि नयाँ वर्षमा भने उमंग थपेको पर्यटन तथा होटल व्यवसायी अशोक थापा बताउँछन् ।

नगरकोट बेस क्याम्प रिसोर्टका सञ्चालकसमेत रहेका थापाले भने, 'विदेशी पर्यटकको चाप घटेको छ, स्वदेशी पर्यटकको चाप निकै बढेको छ, अंग्रेजी नयाँ वर्षमा पनि ३० प्रतिशत मात्रै विदेशी पर्यटक आए, ७० प्रतिशत स्वदेशी पर्यटकले यहाँका होटल भरिएका छन् ।' यहाँका सीमित होटलमा मात्रै विदेशी पर्यटक जाने गरेको र अन्य होटल स्वदेशी पर्यटककै भरमा रहनुपरेको व्यवसायी बताउँछन् ।

सामान्यदेखि चार स्टारसम्मका होटल रहेको नगरकोटमा नयाँ वर्षमा स्वदेशी पर्यटकको चाप बढेपछि कोठा पाउन मुस्किल परेको व्यवसायी थापा बताउँछन् । चिसो रातमा पनि नयाँ वर्षको स्वागत र सूर्योदयको मजा लिन यहाँ पर्यटकको आगमन बढ्दा व्यवसायी उत्साहित भएको उनी बताउँछन् । कोभिड-१९ को संक्रमणले रित्तिएका यहाँका होटलमा नयाँ वर्ष २०७८ देखि चहलपहल भए पनि अंग्रेजी नयाँ वर्ष २०२३ को आगमनसम्म आइपुग्दा विदेशीभन्दा स्वदेशी पर्यटकको आगमनले नगरकोट होटल भरिएको होटल मेरिगोल्ड नगरकोटका सञ्चालक गोकुल लामिछाने बताउँछन् ।

'मैले होटल क्षेत्रमा काम गरेको २२ वर्षभन्दा बढी भयो तर कोरोनाले होटल सुनसान भएको पहिलोपटक थियो, अब त उठ्न सकिँदैन कि भन्ने लागको थियो तर नेपाली र अंग्रेजी नयाँ वर्षमा एक महिनाअघिदेखि सबै होटल बुक हुन थालेपछि र स्वदेशी पर्यटकको आगमन बढेपछि अब उत्साह थपिएको छ ।'

उनी भन्छन्, 'यसपालिको अंग्रेजी नयाँ वर्षमा आन्तरिक पर्यटकको आगमनले पर्यटन क्षेत्रमा धेरै आशा पलाएको छ ।' भूकम्पले भत्किएपछि पुनर्निर्माण गरेर नयाँ स्वरूपमा होटल सञ्चालनमा ल्याएका होटल चौतारी नगरकोटका सञ्चालक बद्री माकले भूकम्प र कोरोनाले संकटमा पारेको होटल व्यवसायलाई अहिले आन्तरिक पर्यटकले धानेको बताउँछन् । उनले होटल व्यवसायमा आन्तरिक पर्यटकको आगमनले विदेशी पर्यटकलाई भुलाइदिएको बताए ।

नगरकोटबाट फर्कंदै गरेका काठमाडौं, बानेश्वर निवासी पदमलाल श्रेष्ठले एक साता अगाडिदेखि नै होटलको रुम बुक गरेको बताए । आफ्नो परिवार र आफन्त गरी ११ जना शनिबार साँझ आएर बसेको र नयाँ वर्षमा रमाएका उनले आन्तरिक पर्यटकको चाप बढेको देख्दा अचम्मित भएको सुनाए ।

चाँगुनारायण नगरपालिका-६ नगरकोटका वडाध्यक्ष एवं नगरकोट नाल्दुम पर्यटन व्यवसायी संघका पूर्वसचिव धनबहादुर लामाले नयाँ वर्ष २०२३ लाई स्वागत गर्न आन्तरिक पर्यटकको नगरकोटमा ओइरो लागेको बताए । उनले भने, 'एक साता अगाडिदेखि होटल बुक भए, हिजो यहाँका होटल खचाखच थिए, कतिपयले कोठा नपाउने अवस्था आयो, घरबाहिर पारिवारिक रमाइलो गर्ने परम्परा बढ्दा पर्यटन व्यवसायी उत्साहित भएका छन् ।'

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले आन्तरिक र बाह्य पर्यटकलाई लक्षित गरी नगरपालिकाले २०८२ सालमा नगरकोट भ्रमण वर्ष मनाउन लागेको बताए । त्यसका लागि नगरपालिकाले आवश्यक पूर्वाधार निर्माणमा बजेट विनियोजन गरेको बताउँदै नगरकोटदेखि चाँगुनारायण मन्दिरसम्म पर्यटकको आगमनलाई विश्वमाझ प्रचार गर्न भ्रमण वर्ष मनाउने भएको बताए ।

यस्तै पर्यटकीय गन्तव्य सूर्यविनायक नगरपालिका-७ गुण्डु र ८ सिपाडोलको संगमस्थल ऐतिहासिक रानीकोट र घ्याम्पेडाँडाका सबै होटल आन्तरिक पर्यटकले भरिएका छन् । यहाँबाट बिहान देखिने सुन्दर हिमाली दृश्य हेर्ने र रातभरि नाचगान गरी नयाँ वर्षको स्वागत गर्न स्वदेशी पर्यटकको घुइँचो लागेको पर्यटन एवं होटल व्यवसायी रामसुन्दर बकँले बताए ।

समुद्री सतहबाट २००० मिटर उचाइमा रहेको भक्तपुरको सूर्यविनायक र काभ्रेको पनौती नगरपालिकाको सिमानामा पर्ने रानीकोटबाट काठमाडौं उपत्यका र भक्तपुर नगर मात्र होइन, विभिन्न हिमशृंखलाको समेत अवलोकन गर्न सकिन्छ । यहाँबाट सूर्योदयसँगै कञ्चनजंघा, मकालु, सगरमाथा, चोयु, सिसापाङमा, मनास्लु, अन्नपूर्ण, माछापुछ्रे, गौरीशंकर, धौलागिरी तथा लाङटाङजस्ता आठ हजार मिटरभन्दा अग्ला आठवटा हिमाल हेर्न सकिने भएकाले पछिल्लो समय रानीकोट पर्यटकीय गन्तव्य बन्न थालेको भिलेज हाईल्याण्ड रिसोर्ट रानीकोटका सञ्चालक रामसुन्दर बकँले बताए ।

सहज पक्की सडकदेखि सूर्यविनायक-रानीकोट-आशापुरी एवं सूर्यविनायक-रानीकोट-फुल्चोकी पदयात्राको रुटले रानीकोट पर्यटकको रोजाइँमा पर्न थालेको भन्दै उनले कोरोना महामारीपछि यति धेरै आन्तरिक पर्यटकको आगमनले यहाँका सबै होटल खचाखच भएको बताए । अंग्रेजी नयाँ वर्षको घुइँचोले पर्यटन व्यवसायीमा ऊर्जा र उत्साह थपेको उनले बताए । *रासस*

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०९/१८

यस कम्पनीको मिति २०७९/०९/०३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **मालिका थ्रि स्टार मल्टिपर्पोज प्रा.लि. (प्रा.लि. नं. १६६९४२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **आस्था थ्री ग्रप अफ नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## माछापुच्छ्रे होम सोलुशन प्रा. लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०५/१८ मा दर्ता भएको **माछापुच्छ्रे होम सोलुशन प्रा.लि. (दर्ता नं. १९७७६८)** को मिति २०७९/०९/१७ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य**
**इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११९७६६**

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/०९/१८**

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रमा सिक्टा नहर निर्माणको क्रममा छपान भएका रूखहरू कटान मुछान भइ उत्पादित काठ दाउरा मध्ये समूहमा आन्तरिक खपत भइ बाँकी रहेका गोलिया काठ तथा दाउरालाई डिभिजन वन कार्यालयको च.नं. ३२४६ मिति २०७९/०१/१२ गतेको ब्यापारिक प्रयोजनको लागि बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल, कर्मा, जामुन, खयर, लगायतका गोलिया थान ७७२ को ६२०९.३३ घ.फी. काठ तथा साल जातको दाउरा चट्टा ८.०० र अन्य जातको दाउरा ११.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका काठ दाउरामा आधारित इच्छुक उद्योगले मात्र यो सूचना चौथो पटक प्रकासित भएको मितिले द्दज्ञ औ दिन भित्र बोलपत्र खरीद गरी २१ औ दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । बिस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ ।

**श्री सदावहार सामुदायिक वन उपभोक्ता समूह,**
**नरैनापुर गा.पा. वडा नं. ४ खोदावा, बाँके**


## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOON UNIVERSAL GENERAL TRADING CO./W.L.L.
पूर्व स्वीकृति मिति २०७८/०८/२० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 253038 | चलानी नं. ६०१९१९३४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Steward | 7 | 0 | 105 | ४५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADVANCED DIVERSIFIED SOLUTIONS CO., LTD. ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०७८/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 261035 | चलानी नं. ६०१९४१३५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Normal Worker | 4 | 0 | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZAMAN DAMASCENE RESTAURANT TO SERVE MEALS
पूर्व स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 278558 | चलानी नं. ६०१९४१४४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Normal Worker | 3 | 0 | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL NASEEM AL SHAFA SERVICED APARTMENTS
पूर्व स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 278674 | चलानी नं. ६०१९४१४८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Office and Facility Cleaning Worker | 3 | 0 | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैँले | सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ | Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SY PLASTIC INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 278742 | चलानी नं. ६०१९४१६४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 5 | 0 | 1500 | ४४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : ENG HEAP SENG RICE & FLOUR MILL (M) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 278743 | चलानी नं. ६०१९४१६३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 2 | 0 | 1500 | ४४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैँले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५
**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VITAL HEALTHCARE SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No.269346 | चलानी नं. ६०१८५२७४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 40 | 0 | 1500 | ४४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैँले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** | श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALMAWARID HUMAN RESOURCES COMPANY
पूर्व स्वीकृति मिति २०७९/०९/१५ | LT. No.278656 | चलानी नं. ६०१९४०२६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Hotel Housekeeping | 2 | 0 | 1000 | ५२,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २३ गते (7th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैँले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 278656 मिति: २०७९/०९/१६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Leading Foreign Recruitment Pvt. Ltd.**
RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550
Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIAN DRAGON TRADING
पूर्व स्वीकृति मिति २०७९/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 266699 | चलानी नं.६०१८२५९९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Farm Worker | 4 | 0 | 1500 | ४४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ASMITA INTERNATIONAL OVERSES P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com
Govt. License 771/065/066



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : R.I. KAWALAN SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/०३/०१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No. :265100 | चलानी नं.६०१८१००९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 25 | 0 | 1500 | ४४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**
G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM
Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com
Govt. License 586/062/063
www.appolooverseas.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# उद्‌घाटनको खुसीमा सीमित नहोस्

पोखरामा नवनिर्मित अन्तर्राष्ट्रिय विमानस्थल औपचारिकरूपमा सञ्चालनमा आएको छ । मुलुकको तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा पोखरा विमानस्थल सञ्चालनमा आउनु समग्र देशवासीका लागि खुसीको कुरा हो । आइतबार उद्‌घाटनका लागि आयोजित भव्य समारोहमा देखिएको जनताको उत्साहले पनि सो कुरा प्रस्ट पार्छ । प्रधानमन्त्री पुष्पकमल दाहालले विमानस्थलको उद्‌घाटन गर्दै यसले मुलुको अर्थतन्त्रमा विशिष्ट योगदान पुऱ्याउने बताए ।

पर्यटकीय नगरी पोखरामा यो विमानस्थल राष्ट्रिय गौरवको आयोजनाको रूपमा अघि बढाइएको थियो । चार वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७३ साल वैशाख १ गते शिलान्यास गरेका थिए । चिनियाँ निर्माण कम्पनी सिएमसिईले विमानस्थलको निर्माण कार्य सम्पन्न गरेको हो ।

पोखरा विमानस्थल तीन हजार ९०० रोपनी क्षेत्रफलमा फैलिएको छ । विमानस्थलमा दुई हजार ५०० मिटर लम्बाइ र ४५ मिटर चौडाइको धावनमार्ग छ । उक्त विमानस्थल करिब २२ अर्ब रूपैयाँ लागतमा निर्माण गरिएको हो । जसमा २५ प्रतिशत चीन सरकारको अनुदान र बाँकी ७५ प्रतिशत चिनियाँ एक्जिम बैंकको ऋण लगानी रहेको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै पर्यटकीय नगरी पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्ने पाँच दशकदेखिको सपना पूरा भएको छ । काठमाडौं आएका विदेशी पर्यटकमध्ये ४० देखि ४५ प्रतिशत पर्यटक पोखरा आउने गरेको तथ्यांक छ । विमानस्थल सञ्चालनमा आएसँगै पोखरामा पर्यटक आगमन बढ्ने अपेक्षा गरिएको छ । पोखरामा आउने पर्यटक अब सीधै उक्त विमानस्थलमा ओर्लने छन् ।

प्रधानमन्त्री दाहालले पोखरापछि निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण छिट्टै सुरु गर्ने उद्‌घोष गरेका छन् । उनले नेपालजस्तो भूपरिवेष्ठित मुलुकको कनेक्टिभिटीका लागि हवाईमार्ग सबैभन्दा प्रभावकारी माध्यम भएको उल्लेख गर्दै निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आवश्यक रहेको बताए । सरकारले निजगढ विमानस्थलको निर्माण प्रक्रिया अघि बढाए पनि विवादका कारण रोकिएको छ । विमानस्थल निर्माणका क्रममा लाखौं रुख काटिँदा वातावरणमा प्रतिकूल प्रभाव पार्ने भन्दै परेको मुद्दामा सर्वोच्च अदालतले निजगढ विमानस्थलको विकल्प खोज्न आदेश दिएको थियो । उक्त आदेशसँगै निजगढ अन्योलमा परेको छ । यद्यपि, नेताहरूले जसरी पनि उक्त विमानस्थल बनाउने बताउँदै आएका छन् । प्रधानमन्त्री दाहालले सोही कुरा आइतबार पोखरामा दोहोऱ्याएका हुन् ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भव्य समारोहका साथ उद्‌घाटन गरिए पनि अन्तर्राष्ट्रिय उडान सुरु भएको छैन । अब छिट्टै अन्तर्राष्ट्रिय उडान सुरु गर्ने बताइएको छ । विमानस्थल निर्माण सम्पन्न हुनु खुसीको कुरा हो तर यसको सञ्चालनमा रहेको चुनौतीलाई नजरअन्दाज गर्नु हुँदैन । मुलुककै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा केही महिनाअघि सञ्चालनमा आएको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान हुन सकेको छैन । सुरु यात्रु नपाएका कारण उडान सञ्चालनमा कठिनाइ भएको थियो । अहिले वायु सेवा कम्पनीहरूले त्यहाँको उडान क्रमशः कटौती गरेका छन् । यसले विमानस्थलको औचित्यतामाथि नै प्रश्न उठाएको छ । पोखरा विमानस्थलमा पनि यही नियति दोहोरिन नदिन सरोकारवाला सचेत बन्नुपर्छ । लामो प्रतीक्षा र अर्बौंको लगानीमा निर्माण भई सञ्चालनमा आएको यस विमानस्थललाई पूर्ण चलायमान बनाउन सके मुलुकको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने निश्चित छ ।

# योग : जीवन सफल बनाउने सूत्र



▶▶ बेनीबहादुर कार्की

**मानिस विवेकशील प्राणी भएकाले आफ्नो जीवन सफल पार्न हरेक मानिसले विवेक प्रयोग गर्न सक्नुपर्छ । जीवन जिउनु भनेको आफूले मात्र खानु, लाउनु हुँदै होइन । अरू मानिसलाई, समाजलाई र समग्रमा संसारलाई नै सेवा र सहयोग गरेका मानिसलाई उत्कृष्ट मानिस भनिएको छ । जीवनको यथार्थ बुझ्न आफू सबै दृष्टिले सक्षम हुन जरूरी हुन्छ । यसो हुनु योग गरेकै हुनुपर्छ ।**

भनिन्छ, मानिसको जीवन भएसम्मको संसार । जीवन नभए संसारै शून्य । यो भनाइलाई सत्य मान्ने हो भने संसारमा मानिस जीवित रहन पहिले जीवनलाई बचाउन जरुरी हुन्छ । यो भनेको आफू संसारमा जीवित रहनका लागि जिउने जीवनपद्धति जान्नुपर्छ, बुझ्नुपर्छ । सुत्ने, उठ्ने र खाने तरिका ठीक हुनुपर्छ । सकारात्मक सोच बनाउनुपर्छ । अनिमात्र मानिस निरोगी र दीर्घजीवी हुनसक्छ । यसो हुन अहिलेको युगमा रामदेव बाबा, हरिजी माहाराज, भानु शर्मा र रमेश नेपालसमेतलाई सम्झेर उहाँहरूको जीवनपद्धति अनुशरण गर्न जरुरी छ । यसो गर्न सकेमात्र मानिस निरोगी र दीर्घजीवी हुन सक्छ र यसैमा खुसी र सुखी दुवै हुन सकिन्छ । जीवनको अन्तिम सफलता र उपलब्धि पनि यही हो ।

मानिस रोगी भएर बाँच्नुको अर्थ छैन । यसरी बाँच्नु भनेको बेकार हुनु हो । यसरी बाँचेका मानिस आफैंमा र संसारका लागि बोझ मात्र हो । यसरी बाँचिरहेका मानिस खुसी र सुखी हुनै सक्दैनन् । त्यस्तो मानिसको जीवन कदापि सफल हुनै सक्दैन । यिनीहरूले कुनै प्रगति गर्न सक्दैनन् । आफ्ना लागि आफैं बोझ भएर बाँचेका मानिसले अरुलाई सहयोग गर्ने कुरै भएन । यिनीहरू जति दिन बाँच्छन् अरुको आश, भरोशमा बाँचेका हुन्छन् । यस्ता मानिस बाँचेसम्म जसरी, तसरी बाँच्ने मात्र हो । खुसीसाथ सुखी भएर बाँच्न सम्भव नै हुँदैन । जीवनभरि ऐय ऐय...भनेर बाँच्नुपर्ने बाध्यतामै बाँचिरहेका हुन्छन् । यो भनेको यही संसारमा यही जीवनकालमा नर्कमा डुबिरहनु हो ।

जो आफैं रोगी छ, केही गर्न सक्दैन । सधैं बिमारी भइरहन्छ । कुनै काम गर्न सक्दैन । सधैं डाक्टर र औषधिको प्रयोग गरिरहन्छ, उसको जीवन के जीवन ? यस्तो जीवन बिताउनुपरेमा बुझ्नुहोस् नर्कको जीवन बिताइरहेको भन्नैपर्छ । जो मानिस सधैं निरोगी छ । सधैं हँसिलो रसिलो छ । जुनसुकै काम, जतिबेला पनि गर्न सक्छ । आफ्नो काम आफैं गर्न सक्षम छ । परेका बेलामा अरुलाई पनि सहयोग गर्न सक्षम छ भने त्यो मानिस सबैका लागि प्रेरणाको स्रोत बन्छ । यस्ता मानिस आफ्ना लागि र अरुका लागि पनि खुसी, र सुखीको थलो सधैं भइरहन्छ । यो भनेको ऊ सधैं स्वर्गमा नै रहेको हुन्छ । यस्तो हुन जीवन जीउन जान्नुपर्छ । अनि मात्र खुसी र सुखी हुन सकिन्छ ।

### खुसी र सुखी हुने सूत्र

यसो हुन सर्बप्रथम हरेक मानिसले आफ्नो जीवनचक्र बुझ्न जरुरी हुन्छ । यो भनेको मानिसको लागि यो संसारमा सधैं एकनास हुँदैन । बच्चा, जवान, बुढो हुने जीवनचक्र हो । सधैं कोही बाँच्दैन । चाहे कोही कति नै धनी, विद्वान वा राजा र मन्त्री नै किन नहोस् । यसो भएकाले सबैका लागि मृत्यु अनिवार्य छ । मोटो-पातलो, रोगी-निरोगी, धनी-गरिब, ठूलो-सानो सबैले एक दिन मृत्युवरण गरेर यो संसारबाट बिदा हुनैपर्छ ।

यो अकाटच सत्य हो । केवल कुन दिन को मर्छ यो भने कसैलाई थाहा हुँदैन । यो थाहा पाउन जरुरी पनि छैन । केवल म मर्छु भनेर हरेकले बेलैमा बुझेर सोहीअनुसार काम गर्नसके सजिलै जीवन सफल बनाउन सकिन्छ । यो भनेको फेरि पनि जीवनलाई बेलैमा बुझेर खुसी र सुखी हुनु नै हो । यसो हुन अरुले केही गर्नै पर्दैन । आफैं हुन सकिन्छ । यसो हुन बुढो हुन पनि पर्दैन । जीवनको महत्त्व बुझेर बेलैमा वा उमेर छँदै सजिलै हुन सकिन्छ । यसो हुन कुनै खर्च गर्न पर्दैन । धेरै पैसाको पनि जरुरी पर्दैन । केवल सही जिउने जीवनपद्धति बेलैमा जाने पुग्छ । यसका लागि सही र सकारात्मक सोच हुन मात्र जरुरी पर्छ ।

### योग के हो र कसरी गर्ने ?

योग एकदमै सजिलो र सस्तो उपाय हो । एकरात दिनमा २४ घण्टा हुन्छ । जतिसुकै काम गरे पनि, जस्तोसुकै व्यस्त भए पनि २४ घण्टामा बढीमा एक घण्टामात्र समय आफ्नो स्वास्थ्यका लागि दिए पुग्छ । यति समय आफ्ना लागि नदिएर काम गरेर कमाउनु भनेको कस्तो कमाउने हो र केका लागि कमाउनु हो ? यसो गर्नु भनेको फेरि पनि जीवनको सही अर्थ नबुझ्नु नै हो ।

सही अर्थमा जीवनलाई बुझ्ने मानिस बिहान ४ बजे उठेर दिसा पिसाब जे सम्भव हुन्छ गरेर, हात मुख कुल्ला गरेर योगासनमा बस्नुपर्छ । यो योग गर्ने तरिकाको लागि बिहान ५ बजे भारतीय टिभी च्यानलमा प्रसारण हुने रामदेव बाबाको योग पद्धति केही दिन हेरेर अभ्यास गरे आफैं सजिलै जान्न सकिन्छ । यो योग क्रियाअन्तर्गत कपालभाँती अनुलोम, बिलोमसमेतका धेरै विधिहरू छन् । यसअन्तर्गत योग, ध्यान र व्यायाम सबै पर्दछ । यतिमात्र नियमित दैनिक गर्नसकेमा त्यो मानिस शारीरिक र मानसिक दुवै दृष्टिले तन्दुरुस्त हुन्छ । यसो भयो भने ऊ सधैं निरोगी हुन्छ र उसले अरुलेभन्दा राम्रोसँग सबै काम सजिलै गर्नसक्छ । यो भनेको आफैंले आफूलाई गर्ने अचुक औषधि हो । यसलाई पैसा हालेर किन्नै पर्दैन, आफैंले बिहान आधा घण्टादेखि एक घण्टासम्म जाँगर मात्र लगाए पुग्छ ।

यस्तो सजिलो र सस्तो औषधि पनि हामी नगरेर रोगी हुन्छौं, अकालैमा मर्छौं । यो भन्दा विडम्बना मानिसको जीवनमा के हुन्छ ? त्यसैले हरेक मानिसले जान्न र बुझ्नैपर्ने के हो भने जीवनभरि खुसी र सुखी रहेर जीवन सफल बनाउन बिहानै योग गर्न अनिवार्य छ । सुरुमा केही दिन गाह्रो र असजिलो लागे पनि बानी परिसकेपछि एक दिन योग गरेन भने खान मन पनि लाग्दैन र निन्द्रा पनि लाग्दैन । अनी दिनभरि के नभएको, के नभएको जस्तो असजिलो भइरहन्छ । यसरी योग गर्नु भनेको शरीर र मन दुवै चंगा हुने सजिलो उपाय हो ।

यस सम्बन्धमा यो पंक्तिकारको २५ वर्षदेखिको लामो अनुभव रहेको छ । करिब ३० वर्ष पहिले मलाई मधुमेहको रोग सुरु भयो । जुनबेला मेरो उमेर ४३ वर्षको थियो र म वकालत पेसामा धेरै व्यस्त थिएँ । त्यसपछि डाक्टरको सल्लाहअनुसार मैले औषधि सेवन गर्न सुरु गरें । त्यसपछि पनि मलाई रोगले च्याप्दै गएपछि डाक्टरकै संकेतअनुसार मैले भारतीय टिभी च्यानल हेरेर रामदेव बाबाले गरेको योग गर्न सुरु गरेदेखि मेरा समस्या जिउ झन्झनाउने, टाउको दुख्ने रिंगटा लाग्ने र विष्मरण हुनेसमेतका समस्या सबै ठीक भए र अहिले मेरो शारीरिक र मानसिक दुवै अवस्था २५ वर्ष पहिलेभन्दा पनि ठीक छन् । अहिले मेरो उमेर ७३ वर्षको भए पनि हरेक काम गर्न उत्तिकै सक्रिय छु र स्मरण शक्ति पनि राम्रो छ ।

यसो हुनुमा म शुद्ध शाकाहारी भोजन र योग अभ्यास नै मुख्य हो । सुखी हुन पहिले खुसी हुन जरुरी छ । खुसी हुन लोभ पाप त्यागेर सकारात्मक सोच सिर्जना गर्नुपर्छ । सकारात्मक सोचले मानिसलाई सन्तोषी बनाउँछ । यसो भएपछि मानिस स्वतः परोपकारी बन्छ । यी सबैकुरा योगमै निहीत हुन्छ । योग गर्नाले एकैपटक सजिलै पाउन सकिन्छ ।

मानिस विवेकशील प्राणी भएकाले आफ्नो जीवन सफल पार्न हरेक मानिसले विवेक प्रयोग गर्न सक्नुपर्छ । जीवन जिउनु भनेको आफूले मात्र खानु, लाउनु हुँदै होइन । अरु मानिसलाई, समाजलाई र समग्रमा संसारलाई नै सेवा र सहयोग गरेका मानिसलाई उत्कृष्ट मानिस भनिएको छ । जीवनको यथार्थ बुझ्न आफू सबै दृष्टिले सक्षम हुन जरुरी हुन्छ । यसो हुनु योग गरेकै हुनुपर्छ । योगले शरीर र मनलाई निरोगी बनाउँछ र शान्त मन बनाएर जीवनको यथार्थ बोध हुन्छ । अनिमात्रै मानिस सधैं सकारात्मक भावले खुसी र सुखी बन्दछ ।

यसरी जीवन सफल बनाउने सूत्र योगबाट फेला पार्न सकिन्छ । यही भएर विभिन्न योग गुरुहरूका योग अभ्यासका प्रयोगकर्ताले आफ्नो मात्र जीवन सफल बनाएका छैनन्, संसारभरिका मानिसको जीवनलाई योगमार्फत सही दिशाबोध गरेर जीवन सफल बनाउने सूत्र दिइरहेका छन् । जसजसले ती सूत्रहरूलाई आफ्नो जीवनमा पनि अभ्यास गरेका छन्, उनीहरूको जीवन सार्थक बनेको छ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

यसरी नन्दको दरबारमा प्रतिज्ञा गरेर जसरी शकटारसँग भेट्न आफ्ना पिता कमाए त्यसैगरी उनी पनि गए ।

तिहारको मध्यराती अन्धाकार नष्ट गरिरहेथ्यो । मगधका प्रत्येक घर जग थिए । बूढा, बच्चा, तरुनी वृती सबै अनुभव पनि दुराचारी नन्दको अत्याचार बिसिएर दीपावलीको मानद लिइरहेका थिए ।

विस्तारै विस्तारै थाकेका सबै सुन्न गए । ताराखाली सुन् मात्र थियो या कतै-कतै अन्धारसँग बढ्दै गरेका बती र सुनसान थियो । नीरवतालाई कहीं कुकुरको आवाजले भंग गरिदिन्थ्यो ।

यसै बेलामा दुब्लो पातलो शरीरका कुनै साधु का सालि सतर्क भई राजमार्गमा हिँड्दै मन्त्रीहरूका निवासतिर जाँदै थिए । शरीर गेरु वस्त्रले ढाकेका थिए । काँधमा एउटा झोली थियो । ती पुरुष शकटारको ढोकामा आइपुगे । सतर्क खडा रहेको प्रहरीले भाला अगाडि बढाउँदै रौक्यो र भन्यो-"बाबा भोलि विहान आउनुहोस्, यसबेला अमात्य सुतिक्नुभएको छ ।'

बृद्धले तिखा नजरले हेर्दै द्वारपाललाई भने-'मलाई अमात्यसँग यसै समय भेट्नु छ । तिमी गई अमात्यसँग भन 'कौटिल्य' आएको छ विष्णुगुप्त, किन कि विष्णुगुप्त नामको व्यक्तिको चारैतिर खोजी भइरहेछ । 'कौटिल्य' नाम शकटारबाहेक अन्यलाई थाहा छैन । पातलो शरीर एवम् तिखा दृष्टिले द्वारपाल असहायकजस्तो भयो र तुरुन्त भित्र सूचना दिन गयो ।

सुत्ने कोठामा शकटार विश्राम गरिरहथे । द्वारपालले 'कौटिल्य' आएको सूचना दियो । शकदार कौटिल्यको नामले झस्के । उनका बाबु चणक पनि यस्तै मध्यरातमा आई मन्त्रणा गर्दा चाणकलाई बन्दी बनाई मृत्यूदण्ड दिइएको थियो । नन्दले आफूलाई र परिवारलाई पनि कारागारमा थुनेको थियो । नन्दले पछि कुनै कुरामा खुसी भएर आफूसहित परिवारलाई बन्दी जीवनबाट छुटकारा दिएकाले अमात्य पद फिर्ता पाएका थिए । आफू झस्केको आभास द्वारपालाई नदिई आदरपूर्वक लिएर आऊ भनी अह्राए । क्रमश :

## पत्र-मञ्जुषा

# मन्टेश्वरीका नाममा व्यापार

पछिल्लो समय काठमाडौं उपत्यकाभित्र धमाधम स-साना बालबालिका लागि मन्टेश्वरीहरू खुलेका छन् । व्यस्तताका कारण आफ्नो सन्तान सम्हाल्न नसक्ने अभिभावकका लागि मन्टेश्वरीले सहज बनाइदिएको छ । तर, यी मन्टेश्वरीहरू विनादर्ता सञ्चालन भइरहेका छन् । न वडामा दर्ता छ न शिक्षा मन्त्रालय । कहीँ कतै दर्ता नभईकन मनलाग्दीरूपमा मन्टेश्वरी सञ्चालन गरिएको छ । घर वा टहरा भाडामा लिएर मन्टेश्वरी खोलिएको छ । मासिक शुल्क र भर्ना शुल्क पनि मनलाग्दी उठाइएको छ ।

घरमा रेखदेख गर्ने कोही नभएपछि बालबालिकालाई सानै उमेरमा मन्टेश्वरीमा राखिन्छ । तर, मन्टेश्वरी सञ्चालकहरूले यसको नाजायज फाइदा उठाएका छन् । भर्ना शुल्क सञ्चालकको जिब्रोमा छ । यता, मासिक शुल्क पनि बीस हजार रूपैयाँसम्म उठाइन्छ । तर, सेवासुविधा उही न्यूनस्तरको छ । बिहान घरबाट स्कुल ल्याउँदा र स्कुलबाट घर पुऱ्याउँदा गाडीमा गुन्द्रुक खाँदेजसरी ल्याउने र लैजाने गरिन्छ । टुकटुक हिँड्न नसक्ने र बोली नफुटेको बच्चालाई मन्टेश्वरीमा राखिन्छ ।

उभिन नसक्ने बच्चालाई मन्टेश्वरीमा राख्ने गरिन्छ । त्यो बच्चाको रेखदेख मन्टेश्वरीले गर्न सक्छ ? अभिभावकत्वको आवश्यकता परिपूर्ति हुन्छ ? त्यहाँ लगेपछि एउटा कुनामा राखिदिन्छन्, त्यसको रेखदेख कसले गर्ने ? न त्यो बच्चाको चाहेको बेला खान पाउँछ न आवश्यक स्याहारसुसार नै । सानै उमेरमा मन्टेश्वरीमा लगेर राखिदिएपछि बच्चामा धेरै असर पर्छ । बाबुआमाको काखमा खेलिरहेको बच्चालाई भीडमा लगेर राखिदिँदा ऊ डराउँछ । उनको मानसिकतामा असर पर्छ ।

स्कुलले बालबालिकालाई खुवाउने खानेकुराहरू पनि न्यून गुणस्तरीय छ । बजारमा जे भेटचो, त्यही उठाएर ल्याउँछन् । त्यसले बच्चाको स्वास्थ्यमा कति असर गर्छ यसको ख्याल नै गरिएको छैन । पैसाचाहिँ महँगो लिने तर स्याहारसुसार राम्रो गर्दैनन् । न खानेकुरा राम्रो छ न खेल्ने ठाउँको व्यवस्थापन । बालबच्चाले दिशापिसाब गरे पनि बेलैमा सफासुग्घर गरिँदैन । बच्चालाई खुवाउने पानीसमेत गुणस्तरीय हुँदैन ।

पहिलो कुरा सरकारसँग स्वीकृति नलिईकन मन्टेश्वरी सञ्चालन गरिएको छ । त्यहीमाथि मनलाग्दी शुल्क लिइएको छ । बालबालिकाको स्वास्थ्यलाई हानि गर्ने खानेकुरा खुवाइराखेका छन् । उनीहरूको रेखदेख पनि राम्रोसँग गरिएको छैन । तर, सरकार के हेरेर बसेको छ ? शिक्षा मन्त्रालय, स्थानीय सरकार किन अनुगमनमा चासो देखाउँदैनन् ? आफ्नो वडा, नगरपालिकामा कति मन्टेश्वरी सञ्चालनमा छ ? यसको जानकारी वडाध्यक्ष र मेयरलाई छैन । उता, शिक्षा शाखाले पनि तथ्यांक संकलन गरेको छैन । एक दर्जन घरको बीचमा एउटा मन्टेश्वरी सञ्चालनमा छ ।

पाइलैपिच्छे मन्टेश्वरी देखिन थालेको छ । एउटै कोठामा २५ जना बच्चा राख्छन्, उनीहरूलाई चाहिने वातावरण त्यहाँ छैन । बालबालिकाले घाम पनि देख्न पाउँदैनन् । चिसो कठ्यांग्रिएर बालबालिका बसेका हुन्छन् । आफ्नो बालबालिका कस्तो अवस्थामा बसिरहेको छ ? कस्तो ठाउँमा पढिरहेका छन् ? त्यो हेर्दैनन् । अभिभावकले सायदै आफ्नो बालबालिकाको कक्षाकोठा देखेका होलान् । महिनामा बिल आउँछ, शुल्क तिरिदिन्छन्, सकियो । त्यसअघिको जिम्मेवारी सबै मन्टेश्वरीलाई दिइन्छ ।

तर, अभिभावकले जति जिम्मेवारी निर्वाह गर्छन्, त्यसको एक हिस्सा पनि मन्टेश्वरीले पूरा गर्न सक्दैन । स्कुलमा के-के भयो यसको बेलीविस्तार ती दुधिला बच्चाले बाबुआमालाई गर्न सक्दैनन् । बच्चाको आमाबुवासँग त खुबै चिप्लो घस्छन्, मन्टेश्वरीका सञ्चालक र शिक्षक । तर, त्यही व्यवहार बालबालिकालाई गर्दैनन् । बच्चालाई त हेला गर्छन् । बच्चाले बोल्न नसकेको फाइदा मन्टेश्वरी सञ्चालक र शिक्षकले लिएका छन् । बच्चाले घर आएर मलाई खान दिएन भन्न सक्दैनन् ।

मलाई सफासुग्घर पारिदिएन भनेर कुरा लगाउँदैनन् । यस्ता स्कुलहरू विनादर्ता सञ्चालन गर्न दिँदा राज्यको ढुकुटीमा राजस्व आएन । उक्त शुल्क महँगो हो कि सस्तो ? राज्य र अभिभावक नै बेखबर छन् । एकातिर राज्यलाई राजस्व आएको छैन, अर्कोतिर बालबालिकाहरूले चाहिने स्याहारसुसार पनि पाएका छैनन् । उनीहरूको आत्मबल खस्किएको छ । मन्टेश्वरीहरूले बालबच्चाको बालापनमाथि नै खेलवाड गरेका छन् । बालबच्चाहरू स्कुलको व्यापारको हिस्सा बनिदिएका छन् । यसतर्फ सरोकारवाला निकायको ध्यान जान जरुरी छ ।

पढाउने नाममा स्कुलहरूले बच्चाको प्रयोग गरेर व्यापार गरिरहेका छन् । सरकारी जागिरे, व्यापारी, विदेशमा बस्ने अभिभावकले बालबच्चा मन्टेश्वरीमा राख्छन् । आफ्नो छोराछोरीले राम्रो स्याहारसुसार पाएका होलान् ? खान पाएको होलान् ? यी प्रश्नहरू गम्भीर छन् ।

- ***रमेश भट्ट**, कीर्तिपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# थारु बस्तीमा माघीको चहलपहल

■ रञ्जिता अधिकारी

**देउखुरी–** माघे संक्रान्ति अर्थात् थारु जातिको विशेष पर्व माघी नजिकिएसँगै दाङका आदिवासी थारु बस्तीमा चहलपहल बढेको छ। थारु जातिको सबैभन्दा ठूलो पर्व माघीको रौनक छाएको छ। थारु समुदायले नयाँ वर्षका रूपमा यो पर्व मनाउने गर्दछन्। यो पर्वका अवसरमा थारु समुदायमा गाउँका महतवा (अगुवा) को घरमा जम्मा भएर वर्षभरिको योजना बनाउने परम्परा छ।

थारु बस्तीमा खानपिन र नाचगानको तयारी भइरहेको घोराही उपमहानगरपालिका-१७ पचुर्खाका विष्णु चौधरीले बताए। माघि नजिकिएसँगै थारु समुदाय काममा जुटेका छन्। माघी पर्व आउनुभन्दा एक महिनाअघिदेखि विभिन्न तयारी गर्ने चलनअनुसार आजभोलि तयारी भइरहेको छ।

गाउँ-गाउँमा रातभर आगो बाल्ने चलनअनुसार दाउरा संकलन, धान, चामल कुटानीपिसानी, जाँड बनाउने र अन्य खानाका परिकारको चाँजोपाजो मिलाउन थारु समुदायका महिला व्यस्त रहेको उनले बताए। ढिक्री पकाउने, अनदीको विशेष झोल (जाँड), अनदीको रोटी, भातलगायत विशेष मिठामिठा परिकारको जोहो गर्ने चलन छ।

थारु समुदायका व्यक्तिले माघीको अघिल्लो दिन रातभरि आगोको धुनी बालेर ताप्ने गर्दछन्। गाउँभरिका मानिस एकै ठाउँ जम्मा भएर आगो ताप्ने र भाले बासेसँगै नदी या खोलामा नुहाउने गर्दछन्। नुहाएर आएपछि आफूभन्दा ठूलालाई ढोग गरी घरमा आएपछि खिचडी दान गर्ने प्रचलन थारु समुदायमा छ। खिचडीमा मासको दाल, चामल र नुन राखिएको हुन्छ। यो खिचडी पुर्खा, देवीदेवता र चेलीबेटीका लागि छुट्याइएको हुन्छ। छुट्याइएको खिचडी घरका सदस्यले खान मिल्दैन र त्यो पाहुर (कोसेली)का रूपमा चेलीबेटीका घरमा पुऱ्याउने प्रचलन रहेको मतहवा संघका जिल्ला अध्यक्ष चन्द्रप्रसाद चौधरीले बताए।

माघको अघिल्लो दिन बिहानै गाउँघरका किसान जम्मा भई बंगुर, सुँगुर (थारु भाषामा जिता मार्ना) मारेर बराबरी बाँड्ने चलन छ। माछासँगै गँगटा र घोंगीको विशेष परिकार बनाएर खाने गरिन्छ। माघीका अवसरमा 'मघौटा नाच' नाच्ने गरिन्छ। यो नाच शृंगार र करुण रसले भरिएको थारु अगुवा पूर्ण चौधरी बताउँछन्।

'थारु समुदायमा माघी पर्वलाई नयाँ वर्षका रूपमा पनि लिने गरिन्छ, पुस मसान्तमा आ-आफ्नो लेनदेन, हरहिसाब चुक्ता गर्ने र माघको १ गतेदेखि नयाँ हिसाबकिताब सुरु गर्ने चलन छ, माघीमा नै घरपरिवारभित्र होस् या गाउँ समुदायमा आगामी वर्षका लागि खेतीपातीलगायतका अन्य व्यवहारको नवीकरण गरिन्छ,' चौधरीले भने।

माघलाई विभिन्न ठाउँका थारु समुदायले आ-आफ्नो परम्पराअनुसार माघ, खिचरा, तिला संकराइत नामले मनाउँदै आएको पाइन्छ। केही वर्ष पहिले थारु समुदायका अधिकांश छोरीहरू कमलरी थिए। उनीहरू माघीका दिनमा मात्रै छुट्टी पाउँथे त्यसैले यसलाई उनीहरूले मुक्ति दिवसका रूपमा मनाउने गरेको मुक्त कमलरी विकास मञ्चकी केन्दीय अध्यक्ष हिरा चौधरी बताउँछिन्।

माघको तयारीमा ढिक्री, रोटी, जाँड पकाउने काम सुरु भएको घोराही-१७ कर्जाहीकी राजकुमारी चौधरी बताइन्। 'ढिक्री, रोटी, माछा र घोंगीको परिकार बनाउँदै छौं, माघीको सम्पूर्ण तयारी भइरहेको छ,' उनले भनिन्, 'खानाको परिकार बनाउनका लागि एक महिनाअघिदेखि तयारी गर्नुपर्ने हुन्छ, घर बाहिर भएका मानिस घरमा आउँछन्, गाउँमा छुट्टै चहलपहल र भेटघाट हुने भएकाले रमाइलो हुन्छ, कर्जाही थारु समुदायको बाक्लो बस्ती भएको ठाउँ हो, अन्य खेतीपातीका काम छिटो सकेर आरामले माघ मान्ने तयारीमा गाउँघरका आमाबाबा, दाजुभाइ दिदीबहिनी जुट्नुभएको छ।'

थारु समुदायले माघमै आफ्नो मुखिया, चौकीदार, घरको मूली चुन्ने, नयाँ नियम लागू गर्ने, संशोधन गर्ने भएकाले पनि यसलाई विशेषरूपमा लिइँदै आएको महेन्द्र मावि धर्नाका शिक्षक घोराही-६ का भीमबहादुर चौधरी बताउँछन्। उनले वर्षभरिको योजना माघमा बनाइने भएकाले पनि थारु समुदायका लागि महत्त्वपूर्ण रहेको बताए। उनले माघमा नाचगान, खानपिनलाई विशेष महत्त्वका साथ हेर्ने गरेको बताए। 'पुसको २५ देखि माघको ५ गतेसम्म गाउँघरमा मघौटा नाच हुने गर्दछ, त्यसको तयारी एक महिनाअघिदेखि गरिन्छ,' उनले भने।

**माघ महोत्सवको तयारी तीव्र**

थारु कल्याणकारिणीसभा दाङको आयोजनामा यही पुस २२ र २३ गते जिल्ला समन्वय समिति घोराहीमा हुन गइरहेको माघ महोत्सवको तयारीलाई तीव्र बनाइएको थारु कल्याणकारीसभा दाङका सभापति भुवन चौधरीले जानकारी दिए। 'आर्थिक जागरण व, साँस्कृतिक रूपान्तरण हमार अभियान, सामाजिक न्यायसहितको समृद्धिम हमार योगदान' भन्ने नारासहित आयोजनामा हुन गइरहेको महोत्सवलाई भव्यरूपमा सम्पन्न गर्न स्वंयसेवक परिचालन कमिटी गठन गरिएको छ।

महोत्सव मूल आयोजक समितिको आयोजनामा घोराहीमा भएको युवाको भेलाले थारु कल्याणकारिणीसभा दाङका सदस्य अशोक चौधरीको संयोजकत्वमा १२१ सदस्यीय स्वयंसेवक परिचालन समिति गठन गरिएको चौधरीले जानकारी दिए।

दुई दिने महोत्सवमा मघौटा, छोक्रा, हुडुंयालगायत चार दर्जनभन्दा बढी नाच प्रस्तुत हुने महोत्सव मूल आयोजक समितिका संयोजक एवं थारु कल्याणकारिणीसभा दाङका अध्यक्ष भुवन चौधरीले जानकारी दिए। यस्तै थारु समुदायको परम्परागत हस्तकला, काष्ठकला, दर्जनौं थारु भाषाका पुस्तक प्रदर्शनीका लागि राखिने उनले बताए। यस्तै थारु परिकार ढिक्री, घोंगी, माछा, गँगटालगायत परिकारसमेत बिक्री वितरणका लागि राखिनेछ। *रासस*

# ४४४ महिला र बालबालिका सम्पर्कविहीन

**राँझा–** रोजगारीका लागि विभिन्न मुलुक पुगेका पश्चिम नेपालका ४४४ महिला तथा बालबालिका सम्पर्कविहीन भएका छन्। सन् २०२२ मा माइती नेपाल नेपालगञ्ज शाखामा खोजतलासका लागि परेको निवेदनका आधारमा ४४४ महिला तथा बालबालिका सम्पर्कविहीन रहेको पाइएको संयोजक केशव कोइरालाले जानकारी दिए।

उनका अनुसार बितेको एक वर्षमा यहाँ खोजतलासका लागि ६९३ निवेदन परेकामा २४९ जनामात्र फेला परेका छन्। भारत तथा तेस्रो मुलुकमा पुगेर घरपरिवारको सम्पर्कमा नरहेका व्यक्तिका आफन्तले माइती नेपालमा खोजतलास तथा उद्धारका लागि निवेदन दिएका थिए।

'महिला तथा बालबालिका खोजतलासका लागि हामीकहाँ निवेदन परेकामध्ये २४९ जना फेला परे पनि ४४४ जना अहिलेसम्म सम्पर्कमा छैनन्,' संयोजक कोइरालाले भने, 'घरपरिवारले दिएको निवेदनका आधारमा हामीले खोजतलास गरिरहेका छौं तर अझै सम्पर्क हुन सकेको छैन।'

सो अवधिमा जोखिमपूर्ण यात्रामा रहेका ५२९ जनालाई नेपालगञ्ज नाकाबाट फिर्ता पठाएकामा गत वर्ष ४३४ जनालाई फिर्ता पठाइएको थियो। घरपरिवारसँगको सल्लाहविना रोजगारी, विवाह वा घुम्न जाने बहानामा यहाँको नाकाबाट भारततर्फ जान लागेका उनीहरूलाई फिर्ता पठाइएको उनको भनाइ थियो।

उक्त नाका भएर जोखिमपूर्ण यात्रा गर्ने सबैभन्दा बढी सुर्खेतका रहेको पाइएको छ। सन् २०२२ मा सबैभन्दा बढी सुर्खेतका ८६ र बाँकेका ८२ जनाले जोखिमपूर्ण यात्रा गरेका थिए। सामाजिक सञ्जालको सुझबुझपूर्ण प्रयोग नहुँदा पछिल्लो समयमा मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढेको संयोजक कोइरालाले बताए। *रासस*

# प्रदेश १ मा सरकार गठन गर्न आह्वान

**विराटनगर (प्रस)–** प्रदेश १ मा नयाँ सरकार गठनका लागि आह्वान गरिएको छ। प्रदेश प्रमुख पर्शुराम खापुङले संविधानको धारा १६८ को उपधारा २ अनुसार सरकार गठनका लागि आह्वान गरेका हुन्।

धारा १६८ को उपधारा अनुसार सरकार गठन गर्न प्रदेशसभामा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त नगरेकाले अब उपधारा २ अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत पुऱ्याएर मुख्यमन्त्री नियुक्तिका लागि दाबी पेस गर्न प्रदेश प्रमुखबाट आह्वान भएको हो।

पुस २४ गते आइतबार बेलुका ५ बजेभित्र दाबी पेस गर्न आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता नरेन्द्रकुमार श्रेष्ठद्वारा जारी गरिएको पत्रमा उल्लेख छ।

प्रदेशसभामा नेकपा एमालेका ४०, नेपाली कांग्रेसका २९, नेकपा माओवादी केन्द्रका १३, राप्रपाका छ, नेकपा एकीकृत समाजवादीका चार र जसपाका एक प्रदेशसभा सदस्य छन्। ९३ सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ४७ प्रदेशसभा सदस्य आवश्यक पर्छ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELHAM NASSER ABDULLAH ABU SARHAD CONTRACTING EST

पुर्व स्वीकृति मिति २०७९/०९/१७ LT. No. 278508 चलानी नं. ६०१९४१७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 5 | 0 | 2000 | ७०,३०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 1000 | ३५,१५० | | | | | | | |

कम्पनी : AHMED BIN MUSTAFA BIN HAMZA DARANDARI FOOD SUPPLIES EST.

पुर्व स्वीकृति मिति २०७९/०९/१७ LT. No. 278509 चलानी नं. ६०१९४१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download operator | 1 | 0 | 2000 | ७०,३०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५०० /- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**

Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com,
mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com


## Sharada Municipality
## Office Municipal Executive
Khalanga, Salyan
Karnali Province

## INVITATION FOR BIDS

***Date of First Notice Publication: 2079/09/18***

1. The Sharada Municipality, Khalanga, Salyan invites electronic sealed quotations from National bidders for the Construction of following Project

| Contract ID | Description of Goods | Bid Security Amount NRs. | Bid Document Fee |
|---|---|---|---|
| SMO/NCB/GOODS/ 01/2079/080 | Procurement of sanitary pad. | 62,000/- | 3000/- |

2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Sarada Municipality, Khalanga, Salyan Nepal, 088520138,, ***ito.shaaradamun@gmail.com*** & may visit PPMO website ***www.bolpatra.gov.np.***
3. Bidders have only option to submit their bid electronically & may download the bidding documents for e submission from PPMO's e-GP i.e ***www.bopatra.gov.np/egp***.
4. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   a. Name of the Bank: Nepal Bank Ltd.
   b. Name of Office: Sarada Municipality, Khalanga, Salyan
   c. Office Account No: 07403000001001000001 (rajashwokhata) (Code GA 1.1.0.1)
5. Sealed bids must be submitted through e-GP system i.e ***www.bopatra.gov.np/egp*** on or before 2079/10/18 12:00 PM. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/10/18 14:00 at the office of Sarada Municipality, Khalanga, Salyan.
7. Bids must be valid for a period of 75 days after bid opening and must be accompanied by a bid security amounting mentioned in table above, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [07403000003000000001] (Dharauti khata) (Code GA 3.0.0.1) at [Nepal Bank Ltd. Salyan Branch] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulation, 2064 (including amendments) and other prevailing rules and regulation of Nepal.

**Chief Administrative Officer**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARKNWASH FOR CAR POLISHING AND PROTECTION CO WLL

पुर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ LT. No. 277356 चलानी नं. ६०१९२९१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 150 | 0 | 90 | ३४,३६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DESTINY HR GROUP (P) LTD** (Wide Range H.R. Pvt. Ltd)

श्रम ईजाजत नं. १५५२/०७९/०८०

Tinkune, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIRI BELUKAR PACKAGING SND BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ LT. No. 276115 चलानी नं. ६०१९१७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 14 | 0 | 1500 | ४४,९९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**

Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## फ्रि भिसा, फ्रि टिकट मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADAR SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ LT. No. 275834 चलानी नं. ६०१९१७३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४४,९९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.**

Govt. License 1521/074/075

Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799
E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL KARIM DAHAM SALEM AL DAHAM CAR SERVICE WORKSHOP

पूर्व स्वीकृति मिति २०७९/०८/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ LT. No. 275907 चलानी नं. ६०१९१५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Electrician Worker | 1 | 0 | 1000 | ३५,१५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Car Mechanic Worker | 2 | 0 | 1000 | ३५,१५० | | | | | | | |
| 3 | Plumber Vehicles | 1 | 0 | 1700 | ५९,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROZA LEVANTO LLDYAFA W ALTANZEFAT

पूर्व स्वीकृति मिति २०७९/०६/२७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ LT. No. : 273812 चलानी नं. ६०१८९३८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 6 | 1100 | ४०,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 4 | 1500 | ५४,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**

श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SHOROOK FURNITURE

पूर्व स्वीकृति मिति २०७९/०९/१७ LT. No. 278741 चलानी नं. ६०१९४१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upholsterer | 1 | 0 | 1500 | ५४,५४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 1 | 0 | 1500 | ५४,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**

श्रम ईजाजत नं. ५०२/०६१/०६२


पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५

प्रभाव दैनिक

रूपशाला

## 'अगस्त्य' बनाउँदै सौरभ

सौरभ चौधरीको निर्देशनमा फिल्म 'अगस्त्य' निर्माण हुने भएको छ । डार्क हर्स इन्टरटेनमेन्ट प्रालीको ब्यानरमा निर्माण हुने फिल्म प्रकास मल्ल र अनिस तामाङले बनाउन लागेका हुन् । केही नेपाली र केही भारतीय कलाकारको अभिनय रहने फिल्म सस्पेन्स थ्रिलर बिषयमा निर्माण हुन लागेको हो । 'अगस्त्य' च्याप्टर १ र च्याप्टर २ गरेर दुई पार्टमा निर्माण हुन लागेको हो । फिल्मको दुबै पार्टको लेखन समेत निर्देशक सौरभ आफैले गरेका हुन् । फिल्मको दुबै पार्टको लेखन समेत सकिएको छ ।




सोमबार, १८ पुस २०७९ (Monday, January 2, 2023)





# नेपथ्यसँगै रमे केपी र गगन

■ प्रभाव संवाददाता

**काठमाडौं–** पुसको जाडोमा नेपालको चर्चित साङ्गीतिक समूह नेपथ्य ब्याण्डले गए राति ८ बजेसम्म भृकुटीमण्डपमा काठमाडौंका दर्शकलाई आफ्नो साङ्गीतिक प्रस्तुतीले ततायो । मानवता प्रवर्द्धनका लागि महिनाव्यापी चलेको 'नेपथ्य लाइभ कन्सर्ट' अन्तर्गत काठमाडौंको यो यसपालिको अन्तिम वा १०औं सङ्गीत यात्रा थियो ।

देश दौडाहाका क्रममा जिल्लाका नौवटा कार्यक्रम सकेर काठमाडौं भित्रिएको नेपथ्यले भृकुटीमण्डपमा झण्डै पाँच हजार सङ्गीत पारखीलाई मज्जाले झुमायो । नेपथ्यका नायक एवं मुख्य गायक अमृत गुरुङले दर्शकले भरिएको भृकुटीमण्डपमा राष्ट्रिय भावनाले ओतप्रोत तथा सदावहार पुराना र चर्चित लोकपप गीत प्रस्तुत गरे । उनी सङ्गीतको दुनियाँमा छुट्टै ब्याण्ड लोकपप सङ्गीतका साथ दर्शकसामु ३३ वर्षदेखि सक्रिय छन् । देश-विदेशमा नेपथ्यको छुट्टै चाम छ ।

चिसो मौसममा प्रस्तुत उनका गीतमा दर्शक धुलो उडाएरै नाचे । त्यसो त गुरुङको आफ्नो प्रस्तुति र हाउभाउ नै जुरुकजुरुक पार्ने खालको हुन्छ । आफ्नै सङ्गीतमा गायक आफैं चुर्लुम्म डुबेपछि दर्शकले भरपूर साथ दिए । दमदार प्रस्तुति भन्दै दर्शकले तारिफ गरे । दर्शकले गुरुङका हरेक गीत पुन: सुन्न चाहे ।

नेपथ्य ब्याण्डको प्रसुस्तीको मजा लिन पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, नेपाली कांग्रेसका महामन्त्री गगन थापालगायत नेपाल सरकारका सचिव तथा उच्चपदस्थ सरकारी अधिकारी सरिक थिए । ओली र थापाले त कार्यक्रम अवधिभर साथ दिए ।

गायक गुरुङका भेडाको ऊनजस्तो, छेक्यो छेक्यो, उडायो रेलैले, जोमसोमे बजारमा, शिरफूल शिरैमा, यो जिन्दगी, गाउँगाउँबाट उठलगायत गीतमा दर्शकलाई उचाल्यो । जिन्दगानी गाउँमा पृष्ठभूमिमा प्रस्तुत भएको आश्रममा आश्रित बेसहारा तथा असहायको तस्वीरले दर्शकलाई सोच्न बाध्य पाऱ्यो । शनिबार नै गायक गुरुङको जन्मदिन परेकाले दर्शकदीर्घाबाटै 'ह्याप्पी बर्थडे'को शुभकामना लगायातर आइरह्यो । गायक गुरुङले शिर निहुऱ्याएर सबैलाई धन्यवाद दिए । गीतसङ्गीतको बीच-बीचमा सन्देशमूलक भावना व्यक्त गरी उनले सामाजिक सचेतना जगाउने काम पनि गरे ।

कसैले नगरेको काम मानवसेवा आश्रमले गरेकाले आफ्नो तर्फबाट सक्दो सहयोग गरेर पुण्य कमाउन र मानवसेवा आश्रमले निर्माण गरिरहेको भवन (मानवताको मन्दिर) मा सहयोग गर्न गायक गुरुङले मञ्चबाटै आह्वान गरे । उनले भने, 'मानवसेवाका लागि आश्रमलाई धन हुनेले धन दिउँ, नहुनेले श्रम दिउँ ।'

त्यसपछि उनले जोगले हुन्छ भेट, मैं नाचे छमछमीपछि रेशम र तालको पानी गाउँमा दर्शकले थप मच्चीमच्ची नाचेर मनोरञ्जन लिए । प्यारापिटमा रहेका पूर्वप्रधानमन्त्रीसहितका अतिथिले तालीले साथ दिए । गायक गुरुङले बेला-बेलामा गायकी रोकेर उपस्थित राजनीतिज्ञलाई इङ्गित गर्दै अब देश विकासमा एकीकृत भएर लाग्न र विकासको मूल फुटाउन आग्रह गरे । उनले मुलुकको विकास हामी आफैँले गर्ने हो भन्ने सन्देश पनि बाँडे । गायक गुरुङले नेपालमा रोजगारी सिर्जना गरी विदेश जानबाट रोक्नका लागि पनि राजनीतिक नेतृत्वलाई आग्रह गरे ।

मानवता प्रवर्द्धनका लागि गत मङ्सिर १९ गते विराटनगरबाट सुरु भएको नेपथ्य सङ्गीत यात्राले पुस १६ गते शनिबार काठमाडौंमा आएर विट माऱ्यो । यसअघि मङ्सिर १९ गते वीरगञ्ज, २२ गते हेटौंडा, २५ गते चितवन, २९ गते नेपालगञ्ज, पुस ३ गते धनगढी, ६ गते सुर्खेत, ९ गते बुटवल र पुस १२ गते पोखरामा नेपथ्य गुञ्जिएको थियो । हरेक कार्यक्रममा कम्तीमा पाँच हजारदेखि आठ हजारसम्म दर्शक सहभागी भएका थिए ।

कार्यक्रम मानवता प्रवर्द्धनका साथै मानवसेवा आश्रममा आश्रितका लागि खाना, नाना र छाना जुटाउन, देशैभरका निर्माणाधीन भवन सम्पन्न गर्न तथा अक्षयकोष निर्माणका लागि कोसेढुङ्गा हुने आश्रमका अध्यक्ष रामजी अधिकारीले बताए । एक दशकअघि २०६९ सालमा स्थापना भएको उक्त आश्रममा हाल एक हजार छ सय सडकआश्रित व्यक्ति संरक्षित छन् । देशका १९ जिल्लामा २३ शाखामार्फत सेवा गर्दै आएको आश्रमले आगामी २०८२ सालसम्ममा मुलुकका सडकपेटीमा बेवारिसे व्यक्ति नरहने अवस्था सिर्जना गर्ने योजना अघि बढाएको छ ।

# ज्ञानमणि नेपाललाई राष्ट्रिय धरोहर सम्मान

■ प्रभाव संवाददाता



**काठमाडौं–** इतिहास एवं संस्कृतिविद् ज्ञानमणि नेपाललाई यस वर्षको राष्ट्रिय धरोहर सम्मान प्रदान गरिएको छ ।

दसौं अन्तर्राष्ट्रिय पोसाक तथा टोपी दिवसका अवसरमा आइतबार राष्ट्रिय धरोहर संरक्षण प्रतिष्ठान नेपालले आयोजना गरेको कार्यक्रममा नेपाललाई नगद रु ११ हजार एक सय ११ राशि नगदसहित सम्मान गरिएको हो । नेपालले नेपाली राष्ट्रिय पोसाक, नेपाली झण्डालगायत पहिचानको संरक्षणमा लेख, प्रवचनका माध्यमबाट आवाज उठाउँदै आएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै तत्कालीन संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शपथ लिँदा राष्ट्रिय पोसाक दौरा सुरुवाल लगाउनु पोसाक अभियानको सफलता भएको बताए । दौरा, सुरुवाल र टोपीले विदेशमा आयोजना हुने कार्यक्रममा जाँदा नेपाली भनेर चिनिने भएकाले यसको मौलिकता महसुस हुने उनको भनाइ थियो ।

'नेपालको भ्रमण गरेर फर्किएका विदेशीले दौरा, सुरुवाल र टोपी लगाएर गएपछि नेपालबाट हो ? भनी सोध्ने गरेका छन्, यसैले यो नेपालको मौलिक पोसाक हो, चन्द्र र सूर्य रहेसम्म नेपालको सार्वभौमसत्ता रहिरहन्छ भन्ने अर्थ बोकेको झण्डा नेपालको भएकाले संविधानसभाबाट पनि त्यसलाई पारित गरिएको हो', नेता नेम्वाङले भने ।

पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता शङ्कर भण्डारीले नेम्वाङकै अध्यक्षतामा रहेको संविधानसभाले राष्ट्रिय पोसाकका रूपमा रहेको दौरा, सुरुवाल हटाएकाले कार्यक्रममा ताली बज्ने भाषण गर्नु नहुने भनाइ राखे । विसं २०२८ को शिक्षा नीतिदेखि नै नेपालको मौलिकता मास्ने अभियान चलाइएकाले त्यसको परिवर्तन गरि नुपर्नेमा उनले जोड दिए । 'वर्तमान संविधानले राजनीतिक स्थिरता दिन नसकेकाले यसको विकल्प दलहरूले सोच्नुपर्छ, यस विषयमा मैले पार्टीभित्र पनि बहस सुरु गरेको छु, भारत भ्रमणमा जाँदा महात्मा गान्धीको समाधिस्थलमा पुष्पार्पण गर्ने हामीहरू सिंहदरबार जाँदा किन पृथ्वीनारायण शाहको सालिकलाई वास्ता गर्दैनौं भन्ने चिन्तन, मनन गर्नुपर्ने समय आएको छ', नेता भण्डारीले भने ।

सम्मानित व्यक्तित्व नेपालले गणतन्त्रपछि राष्ट्रिय धरोहरका विषयवस्तु मास्न थालिएको बताए । मालव गणको संवत्सर नै विक्रम संवत् भएकाले यो गणतन्त्र संवत् हो तर राजाले चलाएको भनी दुष्प्रचार गरिएकामा उनले आपत्ति जनाए ।

कार्यक्रममा राप्रपाका नेता डा गोविन्दराज खनियाँ, राष्ट्रिय महिला आयोगकी कार्यवाहक अध्यक्ष कृष्णाकुमारी पौडेल खतिवडा, राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा, प्रतिष्ठानका अध्यक्ष राजानन्द माण्डव्य बजगाइँ, कार्यक्रम संयोजक राजन कोइरालालगायतले राष्ट्रिय पोसाक, मौलिक धर्म, संस्कृतिको संरक्षण गरिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा किताब जात्राको अभियान चलाउने युवा उद्यमी ऋषिराम अधिकारीलाई राष्ट्रिय धरोहर युवा प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो ।

## रंगशाला

नेपाल टी-२० फ्रेन्चाइज लिग

# विराटनगरलाई हराउँदै लुम्बिनी प्लेअफमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** लुम्बिनी अल स्टार पहिलो संस्करणको नेपाल टी-ट्वान्टी लिग क्रिकेटको प्लेअफमा प्रवेश गरेको छ । आइतबार विराटनगर सुपर किंग्सलाई १२ रनले पराजित गर्दै लुम्बिनीले प्लेअफमा स्थान पक्का गरेको हो । त्रिभुवन विश्वविद्यालयको खेल मैदानमा भएको खेलमा लुम्बिनीले दिएको १ सय २३ रनको लक्ष्य पछ्याउने क्रममा विराटनगरले १९.३ ओभरमा अलआउट भएर १ सय १० रन बनायो ।

विराटनगरका लागि अर्जुन साउदले सर्वाधिक ४१ रन बनाए । गौरान्शु शर्माले १२ तथा पृथु बास्कोटाले ११ रन बनाए । लुम्बिनीका लागि श्याड्ली भान,तिलक भण्डारी र ह्यारी टेक्टरले समान २/२ तथा किशोर महतो,कप्तान दीपेन्द्र सिंह ऐरी र हरमित सिंहले समान १/१ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको लुम्बिनीले २० ओभरमा ९ विकेट गुमाएर १ सय २२ रन बनाएको थियो । लुम्बिनीका लागि कपतान दीपेन्द्र सिंह ऐरीले सर्वाधिक ५० रनको अर्धशतकीय ईनिङ खेले । कुशल भुर्तेल, ह्यारी टेक्टर र अनिल शाह समान १३/१३ रनमा आउट भए ।

विराटनगरका लागि विवेक यादव,सुर्य तामाङ र नन्दन यादवले समान २/२ विकेट लिए । कियोन जोसेफ र राज नाननले समान १/१ विकेट लिए । सात खेल खेलेर छ जित हात पारेको लुम्बिनी ६ खेलमा १० अंकका साथ अंक तालिकाको शीर्ष स्थानमा रहेको छ । ६ खेल खेलेर दुई जित हात पारेको विराटनगर ४ अंकका साथ अंक तालिकाको पाँचौं स्थानमा रहेको छ । यही संस्करणको पहिलो भेट पनि लुम्बिनीले विराटनगरलाई पराजित गरेको थियो ।

त्यस्तै आइतबारै सम्पन्न पहिलो खेलमा रायन बर्ल र सुनाम गौतमको ८४ रनको साझेदारी पश्चात काठमाडौं नाईट्सले जनकपुर रोयल्सलाई ९० रनले पराजित गरेको छ ।

काठमाडौंले दिएको १ सय ८१ रनको लक्ष्य पछ्याएको जनकपुर १९.१ ओभरमा अलआउट भएर ९० रन मात्र बनायो । जनकपुरका लागि ओपनर अरफुदिन असरफ,सोमपाल कामी तथा खडक बोहोरा बाहेक अन्यले दोहोरो अंकमा रन बनाउँन सकेनन् । असरफले ३३ तथा सोमपालले २१ रन बनाए । बोहोरा १० रनमा आउट भए ।

काठमाडौंका लागि अभिनास बोहोराले ४ तथा अजमतुल्लाह उमरजाईले २ विकेट लिए । कमलसिंह ऐरी,अनिल खरेल र बसिर अहमदले समान १/१ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको काठमाडौंले २० ओभरमा ६ विकेट गुमाएर १ सय ८० रन बनाएको थियो । काठमाडौंका लागि सुनाम गौतमले ४७ बलमा ६२ रनको अर्धशतकीय ईनिङ खेले । रायन बर्लले ४० बलमा ४ चौका र ३ छक्काको सहयोगमा अविजित ६१ रनको अर्धशतकीय ईनिङ खेल्दा एलेक्स ब्लेक २० रनमा आउट भए ।

अजमतुल्लाह उमजाईले १० रन बनाउँदा लोकेश बम ७ रनमा अविजित रहे । कप्तान ज्ञानेन्द्र मल्ल भने यस लिगमा तेस्रो पटक डगआउट भए ।

जनकपुरका लागि जितेन्द्र मुखियाले २ तथा शरफुदिन असरफ र कप्तान ट्राभोन ग्रिफिथले समान १/१ विकेट लिए । पाँच खेल खेलेर समान ३ जित तथा २ हार हात पारेर ६ अंक सहित काठमाडौं अंक तालिकाको तेस्रो स्थानमा रहेको छ ।

हारका बाबजुत छ खेलमा चार जित निकालेको जनकपुर ६ खेलमा ८ अंकका साथ अंक तालिकाको दोस्रो स्थानमा कायमै रहेको छ । यही संस्करणको पहिलो भेटमा पनि काठमाडौंले जनकपुरलाई हराएको थियो ।

यस प्रतियोगिताको फाईनल खेल २७ गते हुनेछ । डबल राउण्डमा हुने यस लिगमा ३४ खेल हुनेछ । यस लिगको विजेताले ५५ लाख पाउने जनाएको छ ।

यस्तै उपविजेताले ३० लाख नगद पुरस्कार प्राप्त गर्दा तेस्रो हुनले १० लाख र चौंथोले ५ लाख पाउने छ । त्यस्तै प्लेयर अफ द सिरिजले ५ लाख प्राप्त गर्दा उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरले २ लाख ५० हजार पाउने छन् ।

इमर्जिङ प्लेयरले १ लाख ८० हजार पाउने छ । पहिलो संस्करणको लिगमा ६ टोलीको सहभागिता रहेको छ । यस लिगमा काठमाडौं नाइट,पोखरा एभेन्जर्स,फार वेस्ट युनाईटेड,जनकपुर रोयल्स,विराटनगर सुपर किंग्स र लुम्बिनी अल स्टार रहेका छन् ।

आहा रारा पोखरा गोल्डकप

# मछिन्द्रलाई हराउँदै चर्च ब्वाइज सेमिफाइनलमा

■ प्रभाव संवाददाता




**पोखरा–** चर्च ब्वाइज युनाइटेड फुटबल क्लबले २२ औं संस्करणको आहा रारा पोखरा गोल्डकप फुटबलको सेमिफाइनलमा स्थान बनाएको छ । पोखरा रंगशालामा आइतबार मछिन्द्र फुटबल क्लबलाई ३-१ गोल अन्तरले हराउँदै चर्च ब्वाइज अन्तिम चारमा पुगेको हो ।

चर्च ब्वाइजको जितमा आशिष चापागाईले दुई गोल गरे । आशिष चौधरीको नाममा एक गोल रह्यो । मछिन्द्रका सौरभ सुब्बाले एक गोल फर्काए । खेलको २३ औं मिनेटमा आशिष चापागाईले गोल गर्दै चर्च ब्वाइजलाई सुरुआती अग्रता दिलाएका थिए ।

पहिलो हाफको इन्जुरी समयमा आशिषले व्यक्तिगत दोस्रो गोल गर्दै चर्च ब्वाइजको अग्रता २-० को बनाए । खेलको ६६ औं मिनेटमा आशिष चौधरीले गोल गर्दै चर्च ब्वाइजलाई ३-० को अग्रता दिलाए । त्यसपछि खेलको ८९ औं मिनेटमा मछिन्द्रका सौरभले गोल गरेपनि चर्च ब्वाइज ३-१ ले विजयी भयो । चर्च ब्वाइज आफ्नो डेब्यु सहभागितामै सेमिफाइनलमा प्रवेश गरेको हो ।

हिमश्री फुड्स प्रा. लि. को उत्पादन आहा तथा रारा तयारी चाउचाउको मुख्य प्रायोजनमा जारी प्रतियोगितामा १० टोलीको सहभागिता रहेको छ ।

प्रतियोगिताको विजेताले १२ लाख र उपविजेताले ६ लाख पाउने छन् । यस्तै विधागततर्फ उत्कृष्ट पाँचले जनही २५ हजार, सर्वाधिक गोलकर्ताले २५ हजार र म्यान अफ द म्याचले ८ हजार पाउने छन्। प्रतियोगितामा वचत रकम क्लबबाट संचालित सुर्य बहादुर के. सी. स्मृती सहारा फुटबल एकेडेमीमा खर्च गरिने छ । हाल तेश्रो व्याचको एकेडेमीमा १० जिल्लाका १३ जना आश्रित रहेका छन् ।

# समाना र समाज कल्याण सेमिफाइनलमा

**बेशीसहर (प्रस)–** सामना एफसी र समाज कल्याण खेलकुद केन्द्रले ३० औं संस्करणको त्रिवेणी कप फुटबलको सेमिफाइनलमा स्थान बनाएका छन् । लमजुङको बेसीसहरमा आइतबार भएको क्वाटरफाइनलमा बुद्ध युवा क्लब भोटेओढारलाई १-० गोल अन्तरले हराउँदै सामना अन्तिम चारमा पुगेको हो । सामनाको जितमा विपिन कँडेलले १५ औं मिनेटमा निर्णायक गोल गरे ।

अर्को क्वाटरफाइनलमा समाज कल्याण खेलकुद केन्द्रले नखिपोट युवा क्लबलाई पेनाल्टी सुटआउटमा ४-२ ले हराएर अन्तिम चारमा पुगेको हो । खेलको निर्धारित र थप गरिएको अतिरिक्त समय १-१ गोलको बराबरीमा सकिएपछि खेल पेनाल्टीमा गएको थियो । पेनाल्टीमा समाज कल्याणका एलेक्स, निशान्त, पुस्कर खड्का र सन्तोष श्रेष्ठले गोल गरे । सुबाश गुरुङ गोल गर्न चुके । नखिपोटका युवराज ढकाल र करणले गोल गर्दा राम शाही र भरत शाह गोल गर्न चुके ।

पेनाल्टी अघि भरत शाहले गोल गर्दै नखिपोटलाई अग्रता दिलाएका थिए । तर, अब्दुल्लाहले गोल गर्दै समाज कल्याणलाई १-१ गोलको बराबरीमा ल्याएका थिए ।

यस्तै नखिपोटका आशिष सुनार र समाज कल्याणका अब्दुल्लाहले रातो कार्ड पाएपछि दुबै टोली १० खेलाडीमा समेटिएका थिए । अब पहिलो सेमिफाइनलमा बागमती एफसी र सामना एफसीबीच प्रतिस्पर्धा हुनेछ । दोस्रो सेमिफाइनलमा समाज कल्याण र रोड्स रामपुरबीच प्रतिस्पर्धा हुनेछ ।


प्रतियोगिताको विजेताले ५ लाख र उपविजेताले ३ लाख पाउने आयोजक त्रिवेणी युवा क्लबले जनाएको छ । यस्तै सेमिफाइनलमा पराजित टोलीले ५०/५० हजार पाउने छन् । सर्वाधिक गोलकर्ता र सर्वोत्कृष्ट खेलाडीले जनही १५ हजार पाउने छन् ।



ड्रोन लाइट शो | अंग्रेजी नयाँ वर्ष २०२३ को उत्सव मनाउन सिंगापुरमा प्रदर्शन गरिएको 'ड्रोन लाइट शो'को दृश्य। *तस्बिरः सिन्हुवा*

# चीन र रुसका राष्ट्रपतिबीच शुभकामना आदानप्रदान

**बेइजिङ–** चिनियाँ र रुसी राष्ट्रपतिले नयाँ वर्ष २०२३ को अवसरमा दुई नेता र दुई देशका नागरिकलाई शुभकामना आदानप्रदान गरेका छन् । शनिबार साँझ उनीहरूलाई नयाँ वर्ष २०२३ को स्वागत गर्दै यस वर्षले दुवै देशका नागरिकमा शुभकामना आदानप्रदान गर्दै आपसमा बधाई पनि साटासाट गरेका बताइएको छ ।



चिनियाँ राष्ट्रपति सी चिनफिङले नयाँ वर्ष २०२३ को शुभकामना दिँदै रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र उनमार्फत रुसी नागरिकमा बधाई ज्ञापान गरेका चिनियाँ समाचार समिति सिन्ह्वाले जानकारी दिएको छ । चिनियाँ राष्ट्रपति चिनफिङले चीन सरकार र चिनियाँ जनता तथा आफ्ना तर्फबाट रुसी राष्ट्रपति, रुस सरकार र त्यहाँका नागरिकलाई नयाँ वर्षको शुभकामना र बधाई ज्ञापन गरेका समाचारमा जनाइएको छ ।

चिनियाँ राष्ट्रपति चिनफिङले सन् २०२२ विश्वमा नै कोरोना महामारीका साथै अन्य विभिन्न समस्यामा परेको भन्दै तर यस वर्ष चीन र रुसबीचको सम्बन्ध सुमधुर रहेको सो शुभकामना सन्देशमा उल्लेख गरेका छन् । त्यसैगरी यस सन् २०२३ मा पनि दुई देश असल सम्बन्ध र आपसी सहयोगका साथ अघि बढ्ने विश्वास पनि चिनियाँ राष्ट्रपति चिनफिङले सो सन्देशमा व्यक्त गरेका छन् ।

त्यसैगरी रुसी राष्ट्रपति पुटिनले पनि यस नयाँ वर्षमा चीन रुस सम्बन्ध सुमधुर हुने र आपसी सहयोगका साथ अघि बढ्ने बताएका छन् । उनले आफ्नो तर्फबाट र रुसी सरकारका तर्फबाट चिनियाँ सरकार र नागरिकलाई शुभकामना व्यक्त गरेका छन् । *रासस/सिन्ह्वा*

## वर्षान्त २०२२

# महामारी, जलवायु प्रकोप र बढ्दो भूराजनीतिक तनावले तड्पिएको वर्ष

■ शरच्चन्द्र भण्डारी

**काठमाडौं–** कोरोना महामारी, निरन्तरको जलवायु प्रकोप, बढ्दो भूराजनीतिक तनाव, थलिएको अर्थतन्त्रमा कछुवाको गतिमा झिनो सुधार, ऊर्जा र खाद्यन्नको अकल्पनीय मूल्यवृद्धिलगायत चुनौतीका चाङ छाडेर सन् २०२२ विश्वबाट बिदा भएको छ ।

चुनौती नै चुनौतीको चौबाटोमा धकेलिएको सन् २०२३ को भविष्य विभाजनको घेराबाट बाहिरिएर आपसी एकताका साथ समयको हाँक सामना गर्दै विगतका कमीकमजोरीबाट पाठ सिकेर अघिबढ्ने भन्ने निर्णयमा निर्भर हुनेछ ।

अन्तर्राष्ट्रिय मौद्रिक र व्यापार प्रणालीमा ठूलो उतारचढाव आयो भने अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्वको आर्थिक वृद्धि यो वर्ष ३.२ प्रतिशतबाट २०२३ मा २.७ प्रतिशतमा घट्ने प्रक्षेपण गऱ्यो । युरोजोन र जापानमा मुद्रास्फीति नयाँ उचाइमा पुग्यो । राष्ट्रसंघीय व्यापार तथा विकास सम्मेलनले करिब ९० विकासशील देशको मुद्रा डलरको तुलनामा कमजोर भएको जनायो भने कोषले ६० प्रतिशतभन्दा बढी कम आय भएका विकासशील देश ऋण संकटमा परेको विवरण सार्वजनिक गऱ्यो ।

अघिल्लो वर्षको प्रारम्भदेखि नै युरोपको आकाशमा मडारिएको युद्धको कालो बादल रुस-युक्रेन द्वन्द्वले विश्वभर पीडा र अनिश्चयमात्र थोपरेन औषधिलगायत अत्यावश्यक सामग्रीको आपूर्ति शृंखलालाई तहसनहस बनायो । गहिरिँदै गएको युक्रेन संकटले क्षेत्रीय र वैश्विक सुरक्षामा अन्तहीन अवरोध खडा गऱ्यो । अमेरिकासहितका पश्चिमा राष्ट्र मस्कोको विरोधमा उत्रँदा चीन र इरानलगायत केही देशको मौनताले युक्रेन युद्ध अन्त्य गर्ने प्रभावकारी प्रयास हुन सकेनन् । अन्ततः विश्वव्यापी सुरक्षा व्यवस्था नै जोखिमको सिकार भयो ।

युक्रेन संकट बढेपछि अमेरिका र उसका सहयोगीले रुसको ऊर्जा र अन्न निर्यातका माध्यम निलम्बन गर्ने, रुसी उत्पादन बहिष्कार गर्नेलगायत कठोर कदमको घोषणा गरेपछि इन्धन र खाद्यान्नको मूल्य बढेर उपभोक्तामा ठूलो चोट पऱ्यो । युरोपेली संघमा आबद्ध देश पनि इन्धन र खाद्यान्नको बढ्दो मूल्यबाट पीडित भए भने प्राकृतिक ग्यासको किफायती प्रयोगमा जान र मूल्यलाई स्थिर राख्न बाध्य भए । यद्यपि, अपेक्षित लक्ष्य र उद्देश्य हासिल हुन सकेनन् । फलतः युरोपमा मूल्यवृद्धिको पीडामाथि अस्थिरता र असुरक्षाको अर्को पीडा थपियो । अफ्रिकी देश पनि त्यसबाट अछुतो रहेनन् । खाद्यसुरक्षाका मुद्दाले उनीहरूलाई पनि आहात तुल्यायो ।

ताइवानको विषयलाई लिएर अमेरिका र चीनबीचको द्वन्द्व जारी रह्यो भने उत्तरकोरियाको आणविक अस्त्र निर्माणको महात्त्वाकांक्षी योजनाले कोरियाली प्रायद्वीपमा दिगो शान्ति कायम गर्ने सत्प्रयासमा प्रतिकूल प्रभाव पाऱ्यो । जापान, दक्षिण कोरिया र अमेरिकाको प्योङयाङलाई एक्ल्याउने रणनीतिले परिस्थितिलाई अझ जटिल र उत्तेजक बनायो । अमेरिकासम्म प्रहार गर्ने क्षमताका क्षेप्यास्त्र निर्माणमा उत्तरकोरिया अनवरत लागिरह्यो । एकपछि अर्को गर्दै एकतर्फीरूपमा लगाइएका आर्थिक नाकाबन्दीले उत्तरकोरिया आधार भूत मानवीय सहायतासमेत प्राप्त गर्न नसक्ने अवस्थामा पुग्यो ।

वर्ष २०२२ मा प्राकृतिक विपत्ति र जलवायुजन्य आपत्ले विश्वलाई नराम्ररी गाँज्यो । जलवायु परिवर्तनका कारण संसारमा समस्यामाथि समस्या थपिए । विश्वका धेरै देशले वन डढेलो बाढी, पहिरो र भूकम्पदेखि चरम मौसमी घटनासँग लड्नुपऱ्यो । जलवायु परिवर्तनसम्बन्धी समस्या बढ्दा वेमौसमी वर्षा र चक्रवातले सयौंको ज्यान लियो भने पचासौं हजारको जीवन कष्टकर बन्यो । केही दिनअघि अमेरिकाको बफेलोले झेलेको हिमआँधी होस् वा युरोपेली र अफ्रिकी देशको सुक्खा एवं खडेरी, जमिन र जलका जीवको अस्तित्वमा परेको संकटलाई विज्ञान र प्रविधिको क्षेत्रमा भएको विकासले सघाउन सकेन ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को संस्थापक सदस्य पाकिस्तानमा बाढीमा परी एक हजार सात सय ३९ जनाले ज्यान गुमाए भने ९६ लाख बालबालिकासहित तीन करोड ३० लाख विस्थापित भए । अर्बौंका भौतिक सम्पत्ति र संरचना नष्ट भए । सार्कको अर्को सदस्य देश श्रीलंका आर्थिक अनुशासन कायम गर्न नसक्दा टाट पल्टियो भने राष्ट्र र जनताका निम्ति केही नगर्ने शासकहरूलाई जनताले सत्ताबाट भगाएर नयाँ राजनीतिक नेतृत्वलाई राज्यसत्तामा स्थापित गराए ।

भारतको आसामलगायत अन्य राज्य बाढीको चेपेटामा पर्दा २०० जनाभन्दा बढीको ज्यान गयो । दक्षिण अफ्रिकाको बाढीले १६१ जनालाई बगायो भने पूर्वी अफ्रिकी देश खडेरीको पीडाबाट मुक्त हुन सकेनन् । मानवीय मामिलासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यालयका अनुसार सोमालियोका खडेरीले ७१ लाखलाई भोकमरीको जोखिममा धकेल्यो भने युगाण्डामा अन्तर्राष्ट्रिय समुदायले सहयोग नगरे हरेक ३६ सेकेण्डमा खान नपाएर एक जनाले मर्नुपर्ने परिस्थिति सृजना हुने युरोपेली आयोगको चेतावनी सार्वजनिक भयो । कंगोको अवस्था पनि दयनीय रह्यो । ब्राजिलको पहिरोमा २३३ जना पुरिए भने इण्डोनेसियाको भूकम्पले ३३४ जनाको ज्यान लियो । हजारौं प्रभावित भए भने करोडौंका भौतिक संरचना भग्नावशेषमा परिणत भए ।

सन् २०२२ आर्थिक संकटका साथै राजनीतिक र सामाजिक विकृतिले भरिएको वर्ष बनेर गयो । विकासोन्मुख देशको मानव विकास सूचकांकमा खासै सुधार आएन भने, विश्वव्यापी शासन प्रणालीमा पनि खासै सुधार आएन बरु गम्भीर खतरा खडा भए । जापानको पश्चिमी सहर नारामा आयोजित चुनावी सभालाई सम्बोधन गर्ने क्रममा पूर्वप्रधानमन्त्री सिन्जो आबेमाथि गोली प्रहार गरी हत्या भयो । बेलायतकी महारानी एलेजाबेथ द्वितीय ७० वर्ष राज्यसत्ता सञ्चालन गरेर अनन्तयात्रामा निस्किइन् भने राजनीतिक स्थायित्व र लोकतन्त्रको जननी मानिने बेलायतमा



लिज ट्रस र बोरिस जोनसनले राजीनामा दिएपछि ऋषि सुनक ५० दिनमा देशको तेस्रो प्रधानमन्त्री भए । बुर्किनाफासोमा दुईपटक सत्ता हत्याउने प्रयास भए जसले अन्तर्राष्ट्रिय समुदायलाई स्तब्ध बनायो ।

अन्तर्राष्ट्रिय फुटबलको महाकुम्भ सफलतापूर्वक आयोजना गरेर सानो खाडी मुलुक कतारले एसिया महादेशको गरिमा बढायो भने ३६ वर्षपछि साविक विजेता फ्रान्सलाई हराएर अर्जेन्टिनाले विश्वकप फुटबलको उपाधिमाथि कब्जा जमायो । अफ्रिकी मुलुक मोरक्कोको विश्वकप यात्रा र खेल प्रदर्शन पनि खेलप्रेमीका निम्ति अविष्मरणीय रह्यो । यो वर्ष समाप्त हुन एक दिन बाँकी हुँदा विश्व फुटबल इतिहासमा सबैभन्दा बढी पारिश्रमिक लिने पोर्चुगलका 'स्टार' ३७ वर्षीय खेलाडी क्रिस्टियानो रोनाल्डोले आफ्नो अर्को परिचय बनाए- साउदी अरबको अल नासर फुटबल क्लबसँग वार्षिक २० करोड डलर पारिश्रमिक लिने सम्झौता गरेर ।

रोनाल्डोका प्रशंसकहरूमाझ यो खुसीको खबर सार्वजनिक भएको एक दिनअघि विश्वका महान् फुटबलर पेलेको निधनले दक्षिण अमेरिकी मुलुक ब्राजिललाई मात्र नभई संसारभरका फुटबलप्रेमी सबैलाई स्तब्ध बनायो । सोही दिन भारतका प्रधानमन्त्री नरेन्द्र मोदीकी माताको पनि निधन भयो । वर्षको अन्तिम दिन फेरि विश्वका एक अर्ब २० करोड क्याथोलिकमाथि बज्रपात भयो पूर्वप्रमुख पादरी बेनेडिक्टको निधनले । क्याथोलिक चर्चका विसंगति र विवादका बीच एक दशकअघि पदबाट राजीनामा दिएर भ्याटिकनको मठमा बसेका उनले ६०० वर्षपछि प्रमुख पादरीबाट राजीनामा गर्ने पहिलो प्रमुख पादरीका रूपमा इतिहास रचेका थिए ।

विश्वको जनसंख्या आठ अर्ब पुगेको यो वर्षमा उत्पादन र उत्पादकत्व बढाउने खासै गतिविधि नभएकामा संयुक्त राष्ट्रसंघका महासचिवको चिन्ता फ्रान्सेली दैनिक ले मोन्डेमा छापियो । उनको चिन्ताको कारण जनसंख्या वृद्धिमात्र नभएर हाम्रो मानव परिवारबीच बढ्दो विभाजन, पृथ्वीका प्राकृतिक स्रोतको चरम दोहन र त्यसले निम्त्याउने विपद्प्रति लक्षित थियो । 'हुँदा खाने र हुनेखाने' बीचको गहिरो खाडल पुर्नेतर्फ विश्व समुदाय लाग्नुपर्ने महासचिवको मननीय सन्देश छ । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : APPAREL TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 274683 | चलानी नं. ६०१९०३२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 30 | 0 | 1200 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)

Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323

Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL WORK FINDER (ROMANIA)

पूर्व स्वीकृति मिति २०७९/०४/०६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 267209 | चलानी नं. ६०१८४१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 650 | ८५,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook helper | 20 | 0 | 550 | ७२,६७० | | | | | | | |
| 3 | Factory Worker | 19 | 0 | 550 | ७२,६७० | | | | | | | |
| 4 | General Worker | 2 | 7 | 550 | ७२,६७० | | | | | | | |
| 5 | Housemaid | 0 | 10 | 550 | ७२,६७० | | | | | | | |
| 6 | Waiter | 10 | 0 | 550 | ७२,६७० | | | | | | | |

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL

पूर्व स्वीकृति मिति २०७९/०८/१८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 276692 | चलानी नं. ६०१९२७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 104 | 0 | 550 | ७२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौं र Budanilkantha, Narayanthan, Pabera Hotel मा मितिः २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः ४०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**

श्रम इजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977

E-mail: amconoverseas123@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN CONCERNS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 272053 | चलानी नं. ६०१८७९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Work | 6 | 0 | 1500 | ४४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : INFINITE CAPACITY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०२/०३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No. 262819 | चलानी नं. ६०१७९१७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 35 | 0 | 1500 | ४४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## Maldives मा वैदेशिक रोजगारको अवसर

कम्पनी : MALDIVES AIRPORT COMPANY LIMITED

पुर्व स्वीकृति मिति : २०७९/०६/११ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१७ | LT. No.272705 | चलानी नं. ६०१८८४३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aircraft Interior Cleaner | 2 | 0 | 400 | ५२,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Baggage Handlers | 24 | 0 | 400 | ५२,८५० | | | | | | | |
| 3 | Cargo Handlers | 12 | 0 | 400 | ५२,८५० | | | | | | | |
| 4 | Equipment Operator | 38 | 0 | 400 | ५२,८५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853

Email: info@graceoverseas.com, Web: www.graceoverseas.com.np

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १०१७०० | प्रति तोला – १००१२०० | प्रति तोला – १४०० |

## ‘विमानस्थल सञ्चालनमा सरकारले सघाउँछ’




■ प्रभाव संवाददाता

**पोखरा–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि सरकारले सघाउने बताएका छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री पौडेलले विमानस्थलमा आवश्यक अन्य पूर्वाधार निर्माणका लागि सरकारले भरपूर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । राष्ट्रको आजको आवश्यकता राजनीतिक स्थायित्व र सामाजिक न्याय भएको उनको भनाइ थियो ।

‘विकास, समृद्धी र सुशासन आजको आवश्यकता हो’, मन्त्री पौडेलले भने । अर्थतन्त्रमा केही समस्या भए पनि काबूभन्दा बाहिर नरहेको उल्लेख गर्दै उनले यसलाई लयमा फर्काउने विश्वास व्यक्त गरे । मन्त्री पौडेलले नवनिर्मित विमानस्थललाई चितवन, भैरहवालगायतका गन्तव्यसँग जोड्नुपर्ने बताए ।

### कर्जालाई अनुदानमा परिणत गर्न माग

यसैबीच उक्त अवसरमा मन्त्री कृष्णचन्द्र पोखरेलले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि प्रवाह भएको ७५ प्रतिशत कर्जालाई अनुदानमा परिणत गर्न चीन सरकारसमक्ष आग्रह गरेका छन् ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन समारोहमा मुख्यमन्त्री पोखरेलले चीनको एक्जिम बैंकबाट विमानस्थल निर्माणका लागि लिइएको करिब रु २२ अर्बमध्ये ७५ प्रतिशत ऋणलाई पनि अनुदानमा परिणत गर्न आग्रह गरेका हुन् । ‘म नेपालस्थित चिनियाँ राजदूतावासमार्फत् चीन सरकारसमक्ष ७५ प्रतिशत ऋणलाई पनि अनुदानमा परिणत गर्न आग्रह गर्दछु’, उनले भने । विमानस्थल निर्माणका लागि कुल लगानी करिब रु २२ अर्बमध्ये २५ प्रतिशत अनुदान र बाँकी ७५ प्रतिशत ऋण लिइएको थियो । मुख्यमन्त्री पोखरेलले ४७ वर्षदेखिको पोखरावासीको सपना बल्ल साकार भएको बताए ।

## दोहोरो अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि दोहोरो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १७ दशमलव २६ अंकले उकालो लागेर दुई हजार ४६ दशमलव २९ मा पुगेको छ ।

यस्तै ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ७२ अंकले उकालो लागेर तीन सय ९४ दशमलव शून्य दुईमा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको सेयर मूल्यमा गिरावट आउँदा ११ उपसमूहको भने सेयर मूल्यमा वृद्धि भएको छ ।

नेप्सेका अनुसार कारोबार भएका कूल कम्पनीमध्ये एक सय २१ कम्पनीको सेयर मूल्यमा वृद्धि भएको छ । त्यस्तै ८७




कम्पनीको सेयर मूल्यमा गिरावट आउँदा चार कम्पनीको सेयर मूल्यमा कुनै परिवर्तन भएन । कूल एक करोड आठ लाख ८० हजार नौ सय चार कित्ता सेयर रु चार अर्ब चार करोड ८८ लाख ७९ हजार पाँच सय १० मूल्यमा खरिद बिक्री भए ।

साताको पहिलो दिनको कारोबारपछि बजार पुँजीकरण रु २९ खर्ब ५९ अर्ब ४१ करोड ७५ लाख ४३ हजार दुई सय ३२ बराबर रहेको छ । कारोबारका आधारमा नवील बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु २२ करोड ५७ लाख ४८ हजार नौ सय ७९ बराबरको कारोबार भयो । नेपाल दूरसञ्चार कम्पनी रु १९ करोड ८८ लाख एक हजार तीन सय २१, हिमालयन डिस्टिलरी रु १५ करोड ८० लाख ३१ हजार चार सय ५७, एनआइसी एशिया बैंक रु १० करोड तीन लाख ८३ हजार तीन सय ८७ र नेपाल लाइफ इन्स्योरेन्स रु नौ करोड २९ लाख ४८ हजार सात सय २५ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भए ।

नेप्सेका अनुसार सिर्जनशील लघुवित्त, खप्तड लघुवित्त, धौलागिरि लघुवित्तको सेयर मूल्यमा १० प्रतिशत बराबरको वृद्धि भई सकारात्मक सर्किट लाग्यो । यस्तै अजोड इन्स्योरेन्स नौ दशमलव ९८ र प्रभु लाइफ इन्स्योरेन्सका लगानीकर्ताले नौ दशमलव ९८ प्रतिशतले कमाएका छन् ।

यस्तै, सिद्धार्थ इक्विटी फण्ड पाँच दशमलव ५७, नेपाल बैंकको ऋणपत्र तीन दशमलब ९२, एनआरएन इन्फ्रास्टकचर एण्ड डेभलपमेन्ट लिमिटेड तीन दशमलब ८४, मिथिला लघुवित्त तीन दशमलव ६९ र रिभर फल्स पावरका लगानीकर्ताले तीन दशमलव ६५ प्रतिशतले गुमाएका छन् ।

## पुराना नोटको ब्रिकेट बेच्दै राष्ट्र बैंक

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकले पुराना, झुत्रा र अयोग्य नोटबाट बनाएको ब्रिकेट-स्रेडेड बिक्रीका लागि शिलबन्दी दरभाउ प्रस्तावको आह्वान गरेको छ । चलनचल्तीका लागि अयोग्य नोटबाट बनाइएका यस्ता ब्रिकेट खरिद गर्न इच्छुकबाट शिलबन्दी आह्वान बैंकले गरेको हो । बैंकले मुद्रा व्यवस्थापन विभागका तथा उत्पादन बाहिरका विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढीका प्रादेशिक कार्यालयमा चलनचल्तीमा अयोग्य नोटहरू धुल्याउने क्रममा प्राप्त हुने ब्रिकेट-स्रेडेड टुक्राहरू बिक्री गर्ने जनाएको हो ।

## दूधको मूल्यवृद्धि हाललाई स्थगन

**काठमाडौं (प्रस)–** दूधको उत्पादन लागत बढेको भन्दै बिक्री मूल्य बढाएका डेरी व्यवसायीहरूले मूल्यवृद्धिको निर्णय फिर्ता लिएका छन् ।

कृषि तथा पशुपन्छी मन्त्रालयका सचिव, दुग्ध विकास बोर्ड र सरोकारवालाबीच भएको छलफलपछि दूधको मूल्यवृद्धिको निर्णय स्थगन भएको राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद यादवले जानकारी दिए । ‘आज सरोकारवाला निकायहरूसँग बसेको बैठकको निर्णयअनुसार हाल वृद्धि गरिएको दूधको मूल्य स्थगन गरिएको छ । दूधको उत्पादन लागत मूल्य, बजार मूल्यको वृद्धि तथा उपभोक्ता क्रयशक्तिसमेतको वैज्ञानिक तवरबाट यथाशीघ्र अध्ययन गरी मूल्य समायोजन गर्न सहमति भएको छ’, यादवले भने ।

दूधको मूल्यवृद्धि स्थगन भएको बारे राष्ट्रिय दुग्ध विकास बोर्डले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, दुग्ध विकास संस्थान, नेपाल डेरी एसोसिएसन, केन्द्रीय दुग्ध सहकारी सङ्घ र डेरी उद्योग सङ्घलाई आइतबार नै पत्राचार गरिसकेको छ ।

## कुमारी र एनसिसी बैंकको एकीकृत कारोबार सुरू




**काठमाडौं (प्रस)–** कुमारी बैंक र नेपाल क्रेडिट एण्ड कमर्स (एनसिसी) बैंकको आइतबारदेखि एकीकृत कारोबार सुरु भएको छ । दुबै बैंक एकआपसमा गाभिएपछि कुमारी बैंककै नामबाट आइतबारदेखि एकीकृत कारोबार सुरु भएको हो ।

गत मङ्सिर २५ गते दुवै बैंकले छुट्टाछुट्टै विशेष साधारणसभामार्फत एकआपसमा गाभिने प्रस्ताव पारित गरेका थिए । नेपाल राष्ट्र बैंकले यही पुस ६ गते एकआपसमा गाभिन दुबै बैंकलाई अन्तिम स्वीकृति दिएको थियो । यी दुबै बैंक एक बराबर एक स्वाप रेसियोमा गाभिएका हुन् । एकीकृत कारोबारपछि बैंकको प्रमुख कार्यकारी अधिकृत एनसिसी बैंकका रमेशराज अर्याल बनेका छन् । कुमारी बैंकका रामचन्द्र खनाल वरिष्ठ प्रमुख कार्यकारी अधिकृत हुनेछन् ।

एकीकृत कारोबारपश्चात् बैंकको चुक्ता पुँजी रु २६ अर्ब २३ करोड, कूल निक्षेप रु तीन खर्ब दुई अर्ब र कर्जा रु दुई खर्ब ८० अर्ब पुग्नेछ । गाभिएपश्चात् शाखा सङ्ख्या तीन सय छ, एटिएम सङ्ख्या तीन सय ४४, एक्स्टेन्सन काउन्टर ४७ र शाखारहित शाखा ६२ वटा पुग्नेछन् । त्यस्तै मर्जरपछि कुमारी बैंकको नयाँ सञ्चालक समिति गठन भएको छ ।

एकीकृत कारोबार सुरु भएपछि गठन गरिएको नयाँ सञ्चालक समितिको अध्यक्षमा अमिरप्रताप राणा रहेका छन् । बैंकको सञ्चालकमा एनसिसी बैंकका पूर्वध्यक्ष चन्द्र बास्तोला तथा इमानसिङ लामा र कुमारी बैंकका कृष्णप्रसाद ज्ञवाली तथा महेश पोखरेल रहेका छन् ।

## सिटिजन्स-फ्रन्टलाइन हस्पिटलबीच सम्झौता

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र पुरानो बानेश्वर स्थित फ्रन्टलाइन हस्पिटल प्रालि बीच सिटिजन्स बैंकका कार्डबाहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले फ्रन्टलाइन हस्पिटलका विभिन्न सेवाहरूमा १३ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास लिएको बैंकले जनाएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । सिटिजन्स बैंकले भारतको दिल्ली स्थित मेदान्त हस्पिटल लगायत मुलुकको करिब २५ अस्पतालसँग छुट सहकार्यको सम्झौता गरेको छ । हाल बैंकमा करिब १५ लाख ग्राहकहरूले सेवा लिइरहेका छन् ।

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं
- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ